# केराबारी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# केराबारी, मोरङको

## स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना
Local Disaster and Climate Resilience Plan (LDCRP)

**केराबारी गाउँपालिकाको नक्सा**



# गाउँपालिका अध्यक्षज्यूको भनाइ

यतीवास सामुदायिक बिकास प्रा.लि. बिराटचोक मोरङको प्राविधिक तथा केराबारी गाउँपालिकाको आर्थिक सहयोगमा केराबारी गाउँपालिका तथा सबै वडाहरुको सक्रिय सहभागितामा स्थानीय विपद तथा जलवायू उत्थानशिल योजना (LDCRP) २०८१ प्रकाशन गर्न पाउँदा गौरव महशुस गरेको छु ।
केराबारी गाउँपालिकाभित्र बग्ने खहरे हचुवा, बालुवा, धरधरे, लोहन्द्रा जस्ता खोलाहरुमा वर्षातको समयमा तथा आकस्मिक रुपमा आउने बाढी तथा पहाडी भिरालो जमिनमा जाने गरेको पहिरोले घर, बसोबास तथा खेती योग्य जमिन बगाउने लगायत जनधनको क्षती हुनुका साथै यस पालिकाभित्र आगलागी, सर्पदंश, हावाहुरी, शितलहर, तातो हावा (लु), स्वास्थ्य समस्या, सडक दुर्घटना चट्याङ, भुकम्प तथा जंगली जनावरको आतंकबाट हुन सक्ने जनधनको सम्भावित क्षति न्युनिकरण गरी सुरक्षित गर्नुका साथै विपद पूर्व, विपदको समयमा र विपद पश्चात केराबारी गाउँपालिकामा रहेको विषयगत शाखा र अन्य सरोकारवाला संघ, संस्थाबाट विपदबाट प्रभावित समुदायमा न्यूनतम आधारभूत आवश्यकताको परिपूर्ति गर्न अल्पिकरण, पूर्वतयारी, पूर्वसूचना, पूर्वकार्य, खोज तथा उद्धार, राहत वितरण, प्राथमिक उपचार सेवा तथा पुनर्लाभ कार्यक्रम साथै शान्ती सुरक्षा समेतको व्यवस्थापन गरी विपद प्रतिकार्यमा सहयोग पुर्याउने आशा लिएको छु ।
केराबारी गाउँपालिका स्तरीय विपद तथा जलवायू उत्थानशील योजना (LDCRP) – २०८१ तयार गर्न केराबारी गाउँपालिकाका वडाध्यक्ष, सदस्य एबं कार्यपालिका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत, विषयगत शाखाका प्रमुख एबं कर्मचारी, पालिकामा क्रियाशिल राजनैतिक दलका प्रमुख एबं प्रतिनिधीज्यूहरु, सुरक्षा निकाय, यतीवास सामुदायिक बिकास प्रा.लि. लगायत सम्पूर्ण सरोकारवालाहरुले पु¥याउनु भएको सहयोग प्रति हार्दिक आभार, धन्यवाद व्यक्त गर्दै यो योजना कार्यान्वयनमा सबैको सहयोग हुने विश्वास लिएको छु ।

.....................................
सुमन मिरिङचिङ
अध्यक्ष
केराबारी गाउँपालिका, केरावारी मोरङ

# खण्ड - १ : परिचय

## १.१ पृष्ठभूमि :

नेपाल बहुप्रकोपयुक्त देश हो । प्राकृतिक तथा गैह्रप्राकृतिक प्रकोपहरुबाट वर्षेनी जन, धन लगायत प्रकृतिक, सामाजिक एवं सास्कृतिक क्षती गर्ने गरेको गरेको छ । ८० प्रतिशत भन्दा बढी जनसंख्या बाढी, पहिरो, हावाहुरी, असिना, आगलागी, भूकम्प र हिमताल विष्फोटन जस्ता प्रकोपहरुको जोखिममा छन् । नेपाल विश्वमा २० औं विपद् संकटासन्न राष्ट्रभित्र पर्दछ । यस्तै गरेर भौगर्भिक रुपले उच्च जोखिममा रहेको कारण जुनसुकै बेला जान सक्ने प्रलयकारी भूकम्पको समेत उच्च जोखिममा रहेको छ । विश्वब्यापी रुपमा भूकम्पीय जोखिमका द्दष्टिले नेपाल ११ औ तथा जलवायु परिर्वतनका जोखिमको द्दष्टिले चौथो स्थानमा रहेको छ ।

केराबारी गाउँपालिका पनि विभिन्न बहुप्रकोपको जोखिममा रहेको पहाडी ९चुरे०, समथर तथा उर्वर कृषि क्षेत्र भएको गाउँपालिका हो । यस गाउँपालिका भुकम्प, बाढी÷पहिरो, सर्पदंश, हावाहुरी, आगलागी, सुख्खा खडेरी ,स्वास्थ्य समस्या ९कोरोना महामारी, झाडापखाला, प्रजनन् स्वास्थ्य, डेंगु, इन्सेफलाईटिस, छाला तथा आँखा संक्रमण, निमोनिया, श्वासप्रश्वास र दिर्घ रोग०, शितलहर, जंगली जनावर तथा छाडा पशुहरुको समस्या, सडक दुर्घटना, चट्याङ, विद्युत करेन्ट, बालीरोग खडेरी, लु, शितलहर जस्ता प्रकोपहरुको उच्च जोखिममा रहेको छ । यस सन्दर्भमा नेपाल सरकारबाट स्वीकृत “विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८ – २०३०,” विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापान ऐन २०७४ ९प्रथम संशोधन २०७५०,विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन निति २०७५, स्थानीय सरकार सञ्चालन ऐन २०७४, स्थानीय विपद जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८ तथा यसको परिमार्जन मस्यौदा निर्देशिका, स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना निर्देशिका २०७४ मा व्यवस्था भए बमोजिम विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलनको क्षेत्रमा पूर्वतयारी, रोकथाम, अल्पिकरण, प्रतिकार्य, पुनस्थापन र पुर्ननिर्माण तथा अनुकुलनको कार्यलाई विशेष महत्व दिइएको छ । विपद् उत्थानशील समाज निर्माणका लागि विकास योजनामा विपद् तथा जलवायु उत्थानशिलताको सवाललाई एकीकृत रुपमा मूल प्रवाहीकरण गर्न जिम्मेवार निकायले पहल लिन आवश्यक भइसकेको छ ।

यस सन्दर्भमा विपद् तथा जलवायु उत्थानशिलतालाई केन्द्र देखि स्थानीय तहसम्म विस्तार गरी सबै तहका विकास नीति तथा कार्यक्रममा मूल प्रवाहीकरण गर्नुपर्ने यथार्थतालाई आत्मसात गरी दिगो विकासको मान्यतालाई सुनिश्चित गर्न प्रभावित सबै वर्ग, समुदाय एवं क्षेत्रको पहुँच र स्वामित्व स्थापित हुने गरी स्थानीय श्रोत, साधन तथा क्षमताको अधिकतम् परिचालन गर्नुपर्ने आजको आवश्यकता हो । यस योजना निर्माण प्रक्रियालाई सहभागितामूलक, पारदर्शी, उत्तरदायी, समावेशी र जिम्मेवार बनाउन विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४, पहिलो संशोधन २०७५, विपद् जोखिम व्यवस्थापन राष्ट्रिय निति २०७५, विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति कार्ययोजना २०१८ – २०३०, को मूल भावना तथा मर्मलाई आत्मसात गर्दै विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ परिच्छेद ७, दफा १७ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा १ (न) ले दिइएको अधिकार प्रयोग गरी समावेशी र जलवायू उत्थानशीलताका विषयहरु समेत समावेश गर्दै केराबारी गाउँपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना, २०८१ निर्माण गरी लागू गरिएको छ ।

## १.२ केराबारी गाउँपालिकाको भौगोलिक तथा सामाजिक अवस्था

कोशी प्रदेशअन्तर्गत मोरङ जिल्लाको उत्तर पश्चिम भागमा पर्ने केराबारी २१९.८३ वर्ग कि।मि। क्षेत्रफलमा फैलिएको जिल्लाको सबैभन्दा ठूलो क्षेत्रफल भएको गाउँपालिका हो । यस पालिकाको पूर्वमा लेटाङ नगरपालिका, पश्चिममा धरान उपमहानगरपालिका, उत्तरमा धनकुटा जिल्लाका चौबिसे र साघुरीगढी गा.पा र दक्षिणतर्फ बेलबारी र सुन्दरहरैचा न।पा। पर्दछन् । नेपाल सरकारले स्थानीय सरकारहरुको पुनसंरचना गर्दा केराबारी, याङ्शिला, पाटीगाउँ र सिंहदेवी गा।वि।स।का सबै वडा तथा लेटाङ भोगटेनी न.पा. वडा नं. १ लाई समावेश गरी केराबारी गाउँपालिका निर्माण गरिएको हो । केरावारी बजार (वडा नं. १०) मा पालिकाको केन्द्र रहेको यस गाउँपालिकामा १० वटा वडाहरू रहेका छन् । यस गाउँपालिकाका वडा नं। ६, ७, ८, ९ र १० का केही भाग समतल भू–भागमा पर्दछन् भने यि वडाहरुका अधिकांश भू–भाग र वडा नं. १, २, ३, ४, ५ नं वडाहरू पहाडी भू–भागमा अवस्थित रहेका छन् । केराबारी गाउँपालिकामा विभिन्न जातजातिका मानिसहरूको बसोबास रहेको छ । यहाँका मानिसहरू कृषि, पशुपालन, व्यापार व्यावसाय, ससाना घरेलु उद्योग र नोकरी एवम् वैदेशिक रोजगारीमा समेत संलग्न रहेका छन् । यहाँ विभिन्न सामाजिक संघसंस्था, बैंक तथा वित्तिय संस्था, बचत तथा ऋण सहकारी संस्था, वन उपभोक्ता समितिहरू तथा विभिन्न पेशागत संगठन र समूहहरूमा आबद्ध रहेका छन् । यस गाउँपालिकामा एउटा क्याम्पस, ३८ वटा सामुदायिक विद्यालय छन् । मोरङ जिल्लाको सदरमुकाम विराटनगरबाट यस गाउँपालिकाको केन्द्र ४६ किमि उत्तरपूर्वतिर पर्दछ । यो गाउँपालिका पूर्व पश्चिम राजमार्ग भन्दा करिव ५ कि।मि। उत्तरबाट प्रारम्भ भई मोरङ पहाडको उत्तर पश्चिम सबै भाग समावेश छ । यसको उत्तरी सिमाना भने धनकुटा जिल्लामा रहेको छ । यस गाउँपालिकाको उत्तरतिर वडा नं. २ मा जेफाले डाँडा, वडा नं. १ मा ध्वजेडाँडा, वडा नं. ४ मा सप्तकन्या गुफा र वडा नं. १ मा महादेवपार्वती गुफा पर्दछन् । यसको अधिकांश भूभाग वनजंगल, खोलानाला र डाँडाकाँडाले ढाकिएको हुँदा प्राकृतिक स्रोतका दृष्टिले यो गाउँपालिका निकै सम्पन्न छ । केराबारी गाँउपालिका ऐतिहासिक दृष्टिले समेत निकै महत्वपुर्ण रहेको छ । पहिले केराबारी गाउँपालिका क्षेत्रको ठूलो भूभागलाई घना जंगलले ढाकेको देखिन्छ । यहाँका पहाडी, कछाड र खोलाका किनारी भागमा बिभिन्न जातजातिका मानिसहरूका स–साना वस्तिहरू थिए । तत्काल घना जंगलका कारण मानिसले खोला या नदीको किनारी भागमा तथा पहाडको फेदीमा बस्न आवश्यक थियो । केराबारी गाउँपालिकामा देखा परेका पुराना बसोबासका अवशेषहरूले यिनै कुराको संकेत गरेका छन् । केराबारी नाम आफै पनि ऐतिहासिक छ । यसको नामाकरण केराको बारी या केरा पाइने स्थानका रूपमा रहेको छ । इसापूर्व कालतिर यस गाउँपालिकाबाट उत्तरा महापथ्या गएको थियो । उत्तरा महापथ्या भारतको पूर्वी भागबाट पश्चिम एशिया र यूरोपतिर जाने व्यापारिक मार्ग थियो । चीनतर्फ सिल्क रोड चलन चल्तिमा रहेसरह नै यस भेगबाट यस्तो बाटो गएको हुनाले प्राचीन कालतिर व्यापारी र तीर्थ यात्रीहरू हालको केराबारी हुँदै कछाडको बाटो हिंडेर पूर्व पश्चिमतिर जाने आउने गर्दथे । अघि इसाको सातौं शताब्दीतिर भारतको आसामबाट मत्स्येन्द्रनाथलाई यही बाटो हुँदै काठमाडौं उपत्यका लगिएको अनुमान छ ।

यस गाउँपालिकाको मुख्य ब्यापारीक क्षेत्र केरावारी बजार, बिराटचोक, बेलबारी, इटहरी, धरान र बिराटनगर रहेको देखिन्छ जुन १० किमी देखि ५० किमीसम्मको दुरी रहेको रहेको छ । यस गाउँपालिकाको ४० प्रतिशत भूभाग कृषियोग्य जमिन, ३० प्रतिशत भूभाग वन क्षेत्र, ५

प्रतिशत नदी तथा खोलानालाहरु र बाँकी २५ प्रतिशत भूभागमा आवास, घरेलु उद्योग, जलाधार तथा अन्य क्षेत्रले ओगटेको छ ।

यस गाउँपालिकाको घरको वनोटलाई हेर्दा माटोको जोडाइ भएको, बाँस तथा काठका घरहरु ७५ प्रतिशत भन्दा बढी रहेका छन् । समुदायमा रहेका घरहरु मध्ये झण्डै ८० प्रतिशत भन्दा बढी घरहरु भूकम्पिय, आगलागी एबं बाढी पहिरो संग सम्वन्धित विपदको हिसावले निकै जोखिम देखिन्छ भने करिब ५ प्रतिशत घरहरुको फुसको छानो भएको घरहरु रहेका छन जुन आगलागीको उच्च जोखिममा रहेको छ । खाना पकाउने इन्धनको रुपमा अहिले पनि ६३ प्रतिशत घरधुरीहरु काठ, दाउरा तथा गुईंठाको प्रयोग गर्ने गर्दछन् । गाउँपालिका क्षेत्रमा १० प्रतिशत भन्दा कम घरहरु पक्कि रहेका छन् ।

विपद्को ऐतिहासिक अवस्था विश्लेषणको आधारमा यस गाउँपालिकामा सबैभन्दा बढी बाढी र पहिरोले सबै वडाहरु प्रभाव पारेको देखिन्छ जुन घटनाबाट हरेक बर्ष करोडौको आर्थिक क्षति तथा मानविय क्षती समेत भईरहेको छ । हरेक वर्षको बाढी र पहिरो १५० विगाहाको अन्नबाली नष्ट गर्ने गरेको थियो । अग्ला पहाडहरु रहेको चुरे क्षेत्रमा पहिरो लगायत खहरेखोला, हचुवा खोला, वालुवा खोला, धरधरे खोलामा सुरक्षित तटवन्धका अभावका कारण पालिकामा बाढीको उच्च जोखिम रहेको छ । साथै अब्यवस्थित विद्युतीकरण तथा लापरवाहीका कारण विगत बर्षमा केही व्यक्ति घाईते भएका छन् । विशेषत सर्पदंश, आगलागी  र विद्युत सर्टका घटनामा पालिकाका सबै वडाहरु बढी प्रभावित हुने गरेका छन् । सर्पदंशको घटनाहरु बढी भएको छ । सडक संजालको राम्रो पहुँच रहेको यस गाउँपाालिकामा सडक दुर्घटनाको पनि त्यत्तिकै जोखिम रहेको छ । यस गाउँपालिकामा आगलागीले बार्षिक रुपमा धेरै क्षती पुऱ्याउने गरेको छ । समुदायमा रहेका घर वस्तीहरु जल्ने, पशुचौपायहरुको मृत्युका अतिरिक्त खाद्यान्नबाली (गँहु, धान, मकै, तोरी) जलेर नष्ट भएको देखिन्छ । स्वास्थ्य समस्याले विशेषत कोरोना महामारी, झाडापखाला, आँखा तथा छालाको संक्रमण, दिर्घरोग, महिला तथा किशोर किशोरी प्रजनन स्वास्थ्य, डेंगु, निमोनिया तथा श्वासप्रश्वास समस्या जस्ता समस्याहरु बढी हुने गरेको देखिन्छ । यस  अवधिमा उल्लेखित स्वास्थ्य समस्याबाट हजारौ भन्दा बढी व्यक्तिहरु प्रभावित भएको देखिन्छ । हरेक बर्षको मौषमी समयरेखा र स्थानीयको अनुभवका आधारमा हेर्दा वातावरणमा आएको परिवर्तनसँगै बढेको मौषमी सुख्खा खडेरी, तातो हावा, हावाहुरी, असिनापानी, चट्यांग र शितलहर यस गाउँपालिकाको बढ्दो समस्याका रुपमा आएको छ जसका कारण यहा जिबिकोपार्जनमा समेत समस्या हुदै आएको छ । एकातिर वर्षमा हुने अतिवृष्टिले अधिकांश क्षेत्र डुवानमा पार्ने गरेको देखिन्छ भने हिउदे वर्षा हुने क्रममा आएको परिबर्तन र सिंचाईको उचित प्रवन्ध नहुँदा मौषमी सुख्खाले कृषि उत्पादनमा प्रत्यक्ष असर गरेको छ । त्यस्तै मौसममा आएको फेरबदलका कारण मौषमी सुख्खा समयमा वृद्धि, शितलहरमा वृद्धि, तातो हावा चल्ने र बाली तथा पशुपक्षीहरुमा नयाँ रोगहरुको सक्रमण देखा पर्ने क्रम बृद्धि हुदै आईरहेको छ ।

### १.२ योजनाको उद्देश्य :

नेपालको भौगोलिक, सामाजिक, आर्थिक र प्राविधिक अवस्थाका कारण वर्षेनी १ हजार जना भन्दा बढीको विभिन्न विपद्बाट मृत्यु हुने गरेको छ भने हजारौ संख्यामा घाइते तथा अपाङ्गता र घरबास बिहीन भईरहेको छ तितो यर्थाथता हामी माझ बिद्यमान रहेको छ । यस गाउँपालिका पनि प्राकृतिक तथा गैह्रप्राकृतिक रुपमा हुने विपद्को उच्च जोखिममा रहेको साथै प्राकृतिक रुपमा हुने विपद्का घटनाले नियमित विकासलाई समेत प्रत्यक्ष असर गरेको छ भने वार्षिक करोडौंको आर्थिक क्षती हुने गरेको छ । विभिन्न विपद्का घटनाहरुबाट भएको सार्वजनिक

भौतिक संरचनाको क्षतीले सेवा पहुँचमा समेत असर गर्ने गरेको छ । विश्व मानचित्रमा विपद् जोखिमको अवस्था हेर्दा नेपाल भूकम्पिय जोखिमबाट ११ औं स्थान, बाढीको जोखिमबाट ३० औ स्थान, जलवायु परिर्वतनको असरबाट ४ औ स्थानमा रहेको छ । उल्लेखित तथ्याङ्कको आधारमा नेपाल बहुप्रकोपको जोखिममा रहेको छ, जहाँ कूनै पनि भौगोलिक क्षेत्रहरुलाई कम जोखिमको हिसावले आंकलन गर्न सकिदैन । यस पालिका पनि जिल्लाको विपद् जोखिमको द्दष्टिकोणबाट हेर्दा उच्च जोखिममा नै रहेको देखिन्छ जसमा बिगतमा भएका विपद्का घटना र त्यसले जनजिवनमा पारेको प्रभाव तथा आगामी दिनमा हुनसक्ने जोखिमलाई हेर्दा उच्च प्राथमिकतामा राखी पूर्बतयारीका गतिबिधिहरु गर्नुपर्ने देखिन्छ । वर्तमान नेपालको संघिय शासन संरचना अनुसार स्थानीय तह देखि नै विपद् ब्यवस्थापनलाई प्राथमिकताको क्षेत्रमा राखि कार्य गर्न विभिन्न नीति नियम तथा कानूनले निर्देशित गरेको छ । यसै अनुरुप केराबारी गाउँपालिकाका सम्भावित विपद् तथा जलवायुजन्य प्रकोप जोखिम न्यूनीकरण र अनुकुलन तथा पूर्व तयारीका कार्य गर्न, विपद्को प्रभावकारी प्रतिकार्य गर्न र विपद् पश्चात् पुनःस्थापन तथा पुनर्निर्माणका लागि दिशानिर्देश गर्न योजनाबद्ध कार्यक्रम तर्जूमा गरी, कार्यजिम्मेवारी तथा बजेट सहितको ढाँचा तयार गर्नु नै यस स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजनाको मुख्य उद्देश्य हो, जसले :

- केराबारी गाउँपालिका भित्रका स्थानीय निकाय, समुदाय र सरोकारवालाको प्रत्यक्ष, समावेशी, र सक्रिय सहभागिताको प्रत्याभूति गरी विपद् ब्यवस्थापन चक्र अनुसारका कार्य गर्नेछ ।
- केराबारी गाउँपालिकाभित्र विपद तथा जलवायु परिवर्तनद्वारा मानवीय, आर्थिक, सामाजिक, भौतिक तथा प्राकृतिक श्रोतमा पर्न सक्ने प्रतिकूल प्रभावको विश्लेषण गरेको छ ।
- केराबारी गाउँपालिकामा समावेशी र सहभागीतामूलक विधिको प्रयोग मार्फत् समुदायमा रहेको सङ्कटासन्नताको पहिचान, स्तरीकरण तथा क्षमता विश्लेषण गर्दै जोखिम न्यूनीकरण, पूर्व तयारी, प्रतिकार्य र पुर्नलाभका कार्यहरु गर्न तथा जलवायु परिवर्तन अनुकुलनका लागि स्थानीय श्रोत, साधन तथा क्षमताको अधिकतम् परिचालनमा जोड दिइएको छ ।
- आवश्यकता अनुसार विकास प्रक्रियामा विपद् तथा जलवायु उत्थानशिलतालाई मूलप्रवाहीकरण गर्दै विपद् पूर्व, विपद्को समयमा र विपद् पछि गर्नु पर्ने कार्यलाई प्राथमिकीकरण गरेको छ ।
- विपद् जोखिम न्यूनीकरण कार्यक्रमलार्य स्थानीय तहमा नै संस्थागत गरी आत्मनिर्भर बनाउन र स्थानीय समुदायको साझेदारीमा वृद्धि गर्ने अवधारण प्रस्तुत गरेको छ ।
- केराबारी गाउँपालिकाका समुदायहरुलाई विपद जोखिमबारे ज्ञानको अभिवृद्धि गरी विपद्को समयमा अति संकटासन्न समुदाय तथा परिवारहरुलाई पर्ने असरहरुलाई कम गदै विपद जोखिम न्यूनीकरणमा सामुदायिक तहको अर्थपुर्ण सहभागिता सूनिश्चित गर्नेछ । आन्तरिक तथा बाह्य स्रोतको माध्यमबाट स्थानीय सबै तहमा पूर्वतयारी, जोखिम न्यूनीकरणका उयापहरुको कार्यान्वयनमा कोशेढुंगाको कार्य गर्दछ ।

### १.३ योजनाको आवश्यकता तथा महत्व:

भौतिक, सामाजिक र धारणागत संकटासन्नताको कारक तत्वका कारण भुकम्प, बाढी, पहिरो, आगलागी, खडेरी, सर्पदंश, सितलहर, जंगली जनावर समस्या, सडक दुर्घटना, विद्युत करेन्ट,

हावाहुरी तथा स्वास्थ्य समस्याबाट समुदायहरु थप जोखिममा रहेका हुन्छन् । वर्तमान विपद् प्रतिकार्यका अभ्यासलाई विश्लेषण गर्दा आवास, स्वच्छ पानी, खाद्य सुरक्षा, स्वास्थ्य तथा सरसफाइका सुविधाहरु, शिक्षा र संरक्षण जस्ता सेवाको सिमितता तथा उपयुक्त व्यवस्थापनको अभावले विपद् प्रभावित समुदायहरु थप समस्याहरु रहने गरेको छ भने प्रभावित परिवारहरुसँग त्यसको सामना गर्ने क्षमता समेत निकै कमजोर रहेको हुन्छ । तसर्थ यस्ता समस्याहरुलाई सम्वोधन गर्न स्थानीय प्रकोप, क्षमता र संकटासन्नताको पहिचान र आन्तरिक तथा बाह्य क्षमता वा स्रोत माध्यमबाट समुदायलाई सशक्तीकरण गर्ने र प्रभावकारी समन्वयको संयन्त्र बनाउने निर्णय गर्नु अत्यन्त जरुरी छ ।

विपदको अवस्थामा प्रभावकारी मानवीय सहायता उपलब्ध गराउन तथा सम्भावित विपदको जोखिम कम गर्नका लागि विपद जोखिम न्युनीकरण योजना आवश्यक पर्दछ । विशेष गरी मानवीय सहायता शुनिश्चित गराउन, विपद् जोखिम न्युनीकरणमा समुदायको सहभागितामा सहयोग गर्न, सामाजिक, सांस्कृतिक मर्यादा कायम राखी प्रतिकार्यमा प्रभावितहरुको समान पहुँच शुनिश्चित गर्न र विपद् पश्चात प्रभावितहरुको उचित व्यवस्थापन गर्न, यस योजनाले मार्गनिर्देश गर्नेछ । त्यसका साथै स्थानीय तहलाई श्रोतको सहि पहिचान तथा परिचालन गर्न जवाफदेही र उत्तरदायित्वको भावनाको विकास गराउन पनि यस योजनाले सहयोग गर्नेछ । यसै आवश्यकतालाई महशुस गर्दै यस केराबारी गाउँपालिकामा विपदबाट हुने क्षतिलाई कम गर्न तथा विपद् पछिको मानवीय सहयोगलाई व्यवस्थित तथा प्रभावकारी बनाउन पुर्वतयारी दस्तावेजका रुपमा यो विपद् तथा जलवायू उत्थानशिल योजना तयार पारिएको हो । केराबारी गाउपालिकाद्धारा गाउँपालिकाका प्रमुखको अध्यक्षतामा गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समिति (Local Disaster Management Committee – LMDC) गठन गरी उक्त समितीले कार्यपालिका, स्थानीय निर्वाचित जनप्रतिनिधी, स्थानीय सामाजिक अगुवा, विभिन्न विषयगत शाखा प्रमुख तथा प्रतिनिधी, बालवालिका, महिला, स्थानीय स्तरका संघ संस्था, आदिवासी जनजाती, दलित अपाङ्ग, शिक्षक, समाज सेवी लगायतसँग समन्वय गर्दै स्थानीय समुदायको प्रत्यक्ष सहभागितामा यो योजना निर्माण गरिएको छ । यसका अतिरिक्त वडा स्तरमा समेत सम्बन्धित वडाको वडाध्यक्षको अध्यक्षतामा वडा विपद् व्यवस्थापन समिति गठन गरि वडाका सरोकारवालाहरुसंगको छलफल, परामर्श एबं वहाँहरुको अनुभव र सम्भावित जोखिमको आंकलन सहित पूर्ण सहभागितामा यो योजना तर्जुमा गरिएको छ ।

## १.४ योजनाका सीमा :

केराबारी गाउँपालिकाको योजना निर्माणको लागि यस गाउँपालिकामा गठन भएको योजना निर्माण समितीका संयोजक तथा सवै सदस्यहरु, केराबारी गाउँपालिका, गाउँपालिकाका विपद् ब्यवस्थापन शाखा प्रमुख, विपद् व्यवस्थापन समितिका संयोजक तथा सदस्यहरु, राजनितिक पार्टिका प्रतिनिधीहरु, सामाजिक संघ\संस्थाका प्रतिनिधीहरु, स्थानीय तहका सरकारी कार्यालयका प्रतिनिधहिरु, दलित, अपाङ्ग, संघसंस्थाहरुबाट प्रतिनिधी, महिला बालवालीका लगायत सम्पूर्ण क्षेत्रको सहभागिता संकटासन्नता तथा क्षमताको पहिचान तथा विश्लेषण (Vulnerability and Capacity Assessment -VCA) विभिन्न औजारहरुको प्रयोग गरीएको छ । केराबारी गाउँपालिकाको विपद् व्यवस्थापन योजना तर्जुमा गर्दा पुर्ण रुपमा सहभागितामूलक प्रकृयाका माध्यमबाट गरिएको छ । यस योजना तर्जुमा गर्दा निम्न नीति, निर्देशिका तथा ऐनका सीमाहरुमा रहेर गरिएको छ ।

- नेपाल सरकारबाट स्वीकृत “विपद् जोखिम व्यवस्थापन राष्ट्रिय नीति, २०७५” “विपद् जोखिम व्यवस्थापन कार्ययोजना २०१८ – २०३०’ विपद जोखिम न्यूनीकरण

तथा व्यवस्थापन ऐन २०७४ (प्रथम संशोधन २०७५), स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय विपद जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८ तथा यसको परिमार्जन मसौदा निर्देशिका स्थानीय विपद् तथा जलवायू उत्थानशिल योजना तर्जुमा निर्देशिका २०७४, केराबारी गाउँपालिका विपद् जोखिम ब्यवस्थापन ऐन २०७६ (निर्माणको प्रक्रियामा रहेको) मा व्यवस्था भए अनुसारको प्रकृयाबाट योजना निर्माण गरिएको छ । समुदायका सरोकारवालाहरुसंग भएको अन्तरक्रिया, विगतमा भएको क्षति र भविष्यमा हुन सक्ने क्षतिलाई आधार मानेर जोखिम स्तरीकरण गरिएको छ ।

- विपद जोखिम व्यवस्थापनको योजना अन्तरगत बनाएका गतिविधीहरुको कार्यन्वयनका लागि सम्बन्धित गतिविधी स्थानीय तहका सरकारी निकायहरु, जिल्ला समन्वय समिती तथा दातृ संस्थाहरुबाट समेत सहयोग मिल्ने आशा गरिएको छ ।
- योजना निर्माण गर्दा यस केराबारी गाउँपालिकामा ३२ जनाको उपस्थितिमा ३ पटक योजना तर्जुमा कार्यशाला गोष्ठी, बैठक, कार्यपालीका बैठकको निर्णय, तालीम तथा अन्तरक्रिया र संकटासन्नता तथा क्षमता लेखाजोखाको औजारको प्रयोग, लक्षित समुह छलफल गरिएको र उक्त कार्यशालाबाट आएका राय सुझाव, सबै वडामा गरेको जोखिम, संकटासननता तथा क्षमताको विश्लेषण गाउँपालिकामा भएको तथ्याङ्क, सामाजिक स्रोत नक्सा पालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५ समेतलाई आधार मानी तयार गरिएको छ ।

### १.५ योजना निर्माण प्रक्रिया विधि :

स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना तर्जुमा निर्देशिका २०७४ ले निर्देशन गरे अनुसारका ५ वटा तहलाई क्रमानुसार मध्येनजर गरी यो योजना निर्माण प्रक्रिया सम्पन्न गरिएको छ । योजना निर्माण प्रक्रिया अनुसार तह १, २ र ३ लाई पूर्ण रुपमा यस योजनाले समेटेको छ भने तह ४ र ५ का लागि निर्देशित मार्ग प्रशस्त गरेको छ, जसका लागि केराबारी गाउँपालिकाले प्रक्रिया अगाडी बढाउनुपर्ने हुन्छ । यस योजना निर्माण क्रममा नियमीत गाउँपालिकासँगको बैठक तथा अन्तरक्रिया, योजना उपसमितिको सहभागिता र सहयोग, स्थानीय तथा वडा विपद् ब्यवस्थापन समितिको बैठक र अन्तरक्रिया, संकटासन्नता तथा क्षमता विश्लेषणका तालिमप्राप्त ब्यक्तित्वहरुको परिचालन र सुचना संकलन, वडा तथा समुदायमा गरिएको लक्षित समुह छलफल, गाउँपालिका स्थानीय विपद् ब्यवस्थापन समितिसँग गरिएको कार्यशाला सुचना माथीको पृष्ठपोषण र पालीकाको बिकास योजना खाका प्राप्त पृष्ठपोषणहरुको संकलन र पुनरावलोकन यस योजना निर्माणमा अपनाईएको प्रक्रियाहरु हुन् । योजना तर्जुमा गर्दा केराबारी  गाउँपालिकाको सवै क्षेत्रबाट प्रतिनिधित्व हुने गरी सवै सरोकारवालाको सहभागितालाई सुनिश्चित गरिएको छ । योजना निर्माणका क्रममा पालिकाको विगतका वर्षहरुको विपद्को अवस्थाहरु, सामाजिक, आर्थिक तथा धार्मिक अवस्थाको विश्लेषण गरिएको छ । यस गाँऊपालिकाको सम्पुर्ण वडाहरुको प्रतिनिधित्व गराई तथ्याङ्क संकलन गरिएको छ । कार्ययोजनामा मुख्यतयः भूकम्प, बाढी, आगलागी, स्वास्थ्य समस्या, शितलहर, सडक दुर्घटना, हावाहुरी, विद्युत करेन्ट, चट्याङ्ग, जंगली जनावर आतंक आदि प्रकोपहरुलाई अधारमानी विपद् पुर्व, विपदको समय, र विपद् पश्चात गर्नुपर्ने पूर्वतयारी, विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य तथा पूनर्लाभका गतिविधिहरु, तौर तरिका, जिम्मेवारी र कार्य प्रक्रियालाई समेटेर यो योजना निर्माण गरिएको छ ।




## १.६ योजना कार्यान्वयन रणनीति

नेपाल सरकारको विपद् जोखिम न्यूनीकरण तथा ब्यवस्थापन ऐन २०७४ (प्रथम संशोधन २०७५), अन्य सम्वन्धित कानून, नीति तथा निर्देशिकाले निर्देशित गरेअनुरुप तथा गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५, विकास योजना अनुसार विकासका गतिविधिहरु संचाललनका क्रममा विपद् जोखिम न्यूनीकरणलाई मूल प्रवाहिकरण गरी दिगो विकासका माध्यमबाट यस योजनाको कार्यन्वयन गर्ने मूल रणनीति रहनेछ । आन्तरिक तथा बाह्य स्रोतको पहिचान र परिचालनका माध्यमबाट प्राथमिकता प्राप्त न्यूनीकरणका योजना, आवश्यक दक्ष जनशक्तिको तयारी सामाग्रीगत तयारी र आर्थिक ब्यवस्थापनका मूख्य क्षेत्रलाई प्राथमिकता र आवश्यकताका आधारमा संचालन गर्ने योजना कार्यान्वयनको मूल रणनीति रहनेछ । यसका अलवा दीर्घकालिन योजनाहरुका लागि आवश्यकता अनुसार छुट्टै कार्यसंचालन रणनीति तर्जुमा गरी योजनाको मुल उद्देश्यलाई प्राप्त गरिने रणनीति लिइनेछ । यस योजनालाई मूर्तरुपदिन निम्नानुसारका तत्कालिन नीति अंगिकार गरिएको छ ।

- योजनालाई केराबारी गाउँपालिकाको सभाबाट अनुमोदन गराई वैधानिकता पश्चात कार्यान्वयन गरिनेछ ।
- शिक्षा तथा सचेतना विना विपद् न्यूनीकरण तथा दिगो विकास सम्भव छैन भन्ने मान्यतालाई अंगिकार गरी, विपद् ब्यवस्थापनका सबै तहरुमा सुचना, शिक्षा तथा संचारको विकास र विस्तारमा जोड दिईनेछ ।
- गाउँपालिका तथा वडास्तरमा आवश्यकता अनुसारका दक्ष जनशक्तिको विकास, तालिम तथा क्षमता अभिबृद्घि र तालीमप्राप्त जनशक्तिहरुको थप पूनर्ताजगी एवं

विपद् जोखिम न्यूनीकरणको क्षेत्रमा कार्यरत सरोकारवाला राष्ट्रिय तथा अन्त्रतराष्ट्रिय संघ/संस्थाहरुको सहभागिता र सहकार्यमा जोड दिइने छ ।

- विपद् जोखिम न्यूनीकरण र पूर्वतयारीलाई प्राथमिकता र आवश्यकताका आधारमा वडा तथा समुदाय तहसम्म विकेन्द्रिकृत गरी संचालन गरिनेछ ।
- जिल्ला विपद् ब्यवस्थापन समिति तथा स्थानीय एवं वडा विपद् व्यवस्थापन समितिहरुको प्रत्यक्ष समन्वय तथा सहकार्यमा विपद्को समयमा तालिम प्राप्त दक्ष जनशक्तिलाई परिचालन गरिनेछ ।
- योजना कार्यान्वयनको लागि गाँउपालिकाको आन्तिरिक वजेट ब्यवस्थापन, सरकारी कार्यालय, जिल्ला समन्वय समिती, प्रदेश सरकार, संघिय सरकार, जिल्लाका मन्त्री तथा सांसदहरु, अन्य दातृ निकाय, निजि क्षेत्र आदीसँग समन्वय गरिने छ ।
- स्थानीय ज्ञान, सिप, प्रविधी र श्रोत तथा साधनको अधिकतम उपयोग गरी विपद् जोखिम व्यवस्थापनको योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ ।

## १.७ योजनाको अनुगमन, मुल्याङ्कन तथा पुनरावलोकन :

योजनाको प्रभावकारी कार्यान्वयन तथा लक्ष्य प्राप्तीका लागि गाउँपालिकाको सहयोग र स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिको सहकार्यमा विभिन्न तह तथा निकायहरुबाट नियमित अनुगमन तथा सुपरिवेक्षण, पूनरावलोकन एवं समिक्षा र मूल्याङ्कन गरिनेछ भने स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जूमा निर्देशिकाको भाग २ को चरण ५ मा उल्लेख भएअनुसार प्रत्येक २ वर्षको अवधिमा पुनरावलोकन तथा परिमार्जन गरिनेछ ।

- योजनाको कार्यान्वयन भए नभएको स्थानीय विपद् व्यवस्थापन समिति, गाँऊपालिका, जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला समन्वय समिति, नेपाल रेडक्रस सोसाइटी तथा अन्य साझेदार निकायहरुबाट नियमित अनुगमन तथा सुपरीवेक्षण र समिक्षा गरिनेछ ।
- केराबारी गाउँपालिकाबाट बार्षिक नीति तथा कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन गर्दा स्थानीय विपद् तथा जलवायू उत्थानशील योजना कार्यान्वयनको समेत नियमित अनुगमन तथा मुल्याङ्कन गरिनेछ ।
- केराबारी गाउँपालिका तथा स्थानीय विपद् व्यवस्थापन समितिले स्थानीय विपद् जोखिम व्यवस्थापन योजनाको कार्यान्वयनको नियमित अनुगमन तथा मुल्याङ्कन गरिनेछ ।
- विपद् जोखिम व्यवस्थापन योजना कार्यान्वयन गर्ने संस्थाहरुले आफ्नो अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन सम्बन्धित निकाय, स्थानीय निकायमा पेश गरिने छ ।
- योजनाको हरेक दुई/दुई बर्षमा आवश्यकता अनुसार अध्यावधिक तथा परिमार्जन गरिने छ ।
- प्रत्येक बर्ष केराबारी गाउँपालिकाको आयोजनामा एक समीक्षा गोष्ठीको आयोजना गरी योजना अनुगमनमा देखिएका कमी कमजोरीको सुधार गरिने छ । अनुगमन, मुल्याङ्कन गर्दा स्थानीय वडा तथा समुदायको राय सुझावलाई आधार समेत मानिने छ ।
- योजनाको प्रभावकारीताको अध्ययनको लागि हरेका वर्ष केराबारी गाँऊपालिका स्तरमा एक कृत्रिम घटना अभ्यास संचालन गरिनेछ ।

# खण्ड - २ : प्रकोप, सङ्कटासन्नता, क्षमता र जोखिम विश्लेषण

## २.१ प्रकोपको पहिचान तथा स्तरीकरण :

प्रकोप, संकटासन्नता तथा क्षमताको विश्लेषण अन्तर्गतको महत्वपूर्ण औजार प्रकोप पहिचान तथा स्तरिकरण अनुसार गाउँपालिकाको भौगोलिक अवस्था, उपलब्ध क्षमता र संकटासन्नताका आधारमा प्राय सवै वडा तथा समुदायका प्रकोपहरु मिल्दाजुल्दा छन् । वडाहरुको संकटासन्नता तथा क्षमता विश्लेषणको समयमा गरिएको समुदायसंगको छलफल तथा सूचना र सोही अवसरमा तयार गरिएको वडाको जोखिम नक्सांकन, प्रभाव र संम्मुखताको आधारमा १० वटै वडाको प्रकोप स्तरीकरणलाई गाउँपालिकाको योजना तर्जुमा कार्यशालामा सहभागी समुदायका प्रतिनिधिहरुको समेत छलफलबाट समग्र गाउँपालिकाको प्रकोपलाई निम्नानुसार स्तरीकरण गरिएको छ । केराबारी  गाउँपालिकाको विपद्को ऐतिहासिक विवरण, समुदायको अनुभव, वर्तमान जोखिमको अवस्था र संकटासन्नताको आधार, प्रकोप तथा यसका जोखिमहरु र जलवायू परिवर्तनको प्रभावलाई विश्लेषण गर्दा मुख्य रुपमा भूकम्प, बाढी, पहिरो, आगलागी, स्वास्थ्य समस्या (झाडापखाला, डेंगु, फ्लु, महिला प्रजनन स्वास्थ्य र दिर्घरोग), सर्पदंश, खडेरी, चट्यांग, हावाहुरी, तातो हावा (लू), शितलहर, सडक दुर्घटना, जस्ता प्रकोपको जोखिम बढी रहेको पाइन्छ भने, छाडा पशु चौपाया र विभिन्न वाली तथा पशुरोगहरु समेतले जनजिवन प्रभावित गर्ने रहेको छ ।

यस विश्लेषणले गाउँपालिकामा १४ वटा विभिन्न प्रकोपहरु रहेको र सोको जोखिम फरक फरक वडाहरु तथा समुदायमा फरक रहेको पाईन्छ तथापी यो योजनाले समग्र गाउँपालिकालाई सम्वोधन गर्ने भएकाले मुख्य प्रकोपहरुलाई स्तरिकरण गरिएको छ । यस अन्तर्गत बाढी र पहिरो पालिकाको प्रमुख प्रकोपको पहिलो र दोश्रो प्रकोपको रुपमा देखिएको छ, भने विगतका घटना र भविश्यमा हुन सक्ने जोखिमताको आधारमा बालीरोग तेश्रो जोखिमका रुपमा लिइएको छ, चारकोशे झाडी र चुरे क्षेत्रमा प्रशस्त जंगल रहेकाले जंगली जनावर आतंक पालिकाको चौथो प्रकोपको रुपमा रहेको छ भने स्वास्थ्य समस्या (कोरोना महामारी, प्रजनन स्वास्थ्य समस्या, छालाजन्य रोग, फ्लु, झाडा पखला र दिर्घरोग) लाई पाचौ प्रकोपको रुपमा स्तरीकरण गरिएको छ । सवारी र्दुघटना पालिकाको छैठौ प्रकोपको रुपमा रहेको छ भने सातौ प्रकोपको रुपमा खडेरीलाई पालिकाले स्तरीकरण गरेकोछ । आगलागीलाई पालिकाले आठौ प्रकोपको रुपमा लिएको छ भने हावाहुरी, सर्पदंश, चट्यांग, असिना, तुसारो, तातोहावा, शितलहरलाई पालिकाले क्रमश नवनै, दशौ, एघारौ, बाह्रौ, तेह्रौ र चौधौ प्रकोपको रुपमा स्तरिकरण भएको छ । नेपालको भौगोलिक अवस्थिती, नेपालको विगतको अनुभव र भविश्यमा हुन सक्ने सम्भावनाको आंकलन र नेपाल सरकारको नीतिगत ब्यवस्था अनुसार भूकम्पको जोखिमलाई स्तरिकरणमा नराखिएता पनि यस जोखिमलाई जुनसुकै भौगोलीक अबस्थामा पनि पहिलो जोखिमको रुपमा लिइएको छ । तलको तालिकामा माथी उल्लेखित प्रकोपहरुलाई जोडागत स्तरीकरणको बिधीबाट स्तरीकरण गरिएको छ ।

| प्रकोप | बाढी, पहिरो | आगलागी | सर्पदंश | हावाहुरी | स्वास्थ्य समस्या | चट्याङ | तातो हावा, शीतलहर | खडेरी | तुसारो | जंगली जनावर आतंक | सवारी दुर्घटना | असिना | बालीरोग |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बाढी, पहिरो | | बाढी, पहिरो | बाढी, पहिरो | बाढी, पहिरो | बाढी, पहिरो | बाढी, पहिरो | बाढी, पहिरो | बाढी, पहिरो | बाढी, पहिरो | बाढी, पहिरो | बाढी, पहिरो | बाढी, पहिरो | बाढी, पहिरो |
| आगलागी | | | आगलागी | आगलागी | आगलागी | आगलागी | आगलागी | खडेरी | आगलागी | जंगली जनावर आतंक | सवारी दुर्घटना | आगलागी | बालीरोग |
| सर्पदंश | | | | हावाहुरी | स्वास्थ्य समस्या | सर्पदंश | सर्पदंश | खडेरी | सर्पदंश | जंगली जनावर आतंक | सवारी दुर्घटना | सर्पदंश | बालीरोग |
| हावाहुरी | | | | | स्वास्थ्य समस्या | हावाहुरी | हावाहुरी | खडेरी | हावाहुरी | जंगली जनावर आतंक | सवारी दुर्घटना | हावाहुरी | बालीरोग |
| स्वास्थ्य समस्या | | | | | | स्वास्थ्य समस्या | स्वास्थ्य समस्या | स्वास्थ्य समस्या | स्वास्थ्य समस्या | जंगली जनावर आतंक | स्वास्थ्य समस्या | स्वास्थ्य समस्या | स्वास्थ्य समस्या |
| चट्याङ | | | | | | | चट्याङ | खडेरी | चट्याङ | जंगली जनावर आतंक | सवारी दुर्घटना | चट्याङ | बालीरोग |
| तातो हावा, शीतलहर | | | | | | | | खडेरी | तुसारो | जंगली जनावर आतंक | सवारी दुर्घटना | असिना | बालीरोग |
| खडेरी | | | | | | | | | खडेरी | खडेरी | सवारी दुर्घटना | खडेरी | बालीरोग |
| तुसारो | | | | | | | | | | जंगली जनावर आतंक | सवारी दुर्घटना | असिना | बालीरोग |
| जंगली जनावर आतंक | | | | | | | | | | | जंगली जनावर आतंक | जंगली जनावर आतंक | बालीरोग |
| सवारी दुर्घटना | | | | | | | | | | | | सवारी दुर्घटना | बालीरोग |
| असिना | | | | | | | | | | | | | बालीरोग |
| बालीरोग | | | | | | | | | | | | | |
| प्राप्ताङ्क | १२ | ७ | ४ | ५ | ९ | ३ | ० | ८ | १ | ९ | ८ | २ | १० |
| स्तर | दोस्रो | आठौँ | दशौँ | नवौँ | पाँचौँ | एघारौँ | चौधौँ | सातौँ | तेह्रौँ | चौथो | छैटौँ | बाह्रौँ | तेस्रो |

## २.२. प्रकोप विश्लेषणः

केराबारी गाउँपालिकामा भएको भौतिक, सामाजिक र धारणगत संकटासन्नता र कमजोर क्षमताका कारण बहुप्रकोपको अवस्थामा रहेको छ । बाढी र पहिरो यस गाँऊपालिकाको मुख्य प्रकोप तथा समस्याको रुपमा रहेको छ । चुरे एबं पहाडी भुभागमा एबं खोला, खहरे एबं नदीहरु तटमा ठुला मानव बस्तीहरु रहेको यस गाउँपालिका समथर तथा उच्च भू धरातल, उचित पानीको निकास नभएका कारण वर्षेनी बाढी, डुवान तथा कटानको समस्याबाट प्रभावित रहने गरेको छ । विपद्को ऐतिहासिक अवस्था विश्लेषणको आधारमा यस गाउँपालिकामा बाढी तथा डुवानले पालिकाका सबै वडाहरुमा धेरै ठुलो असर पार्ने गरेको छ । घरहरुको  अवस्थिती, आगोजन्य सामाग्रीको प्रयोग र समुदायको जनचेतनालाई नियाल्दा पालिकाका सबै वडाहरु आगलागीको बढी जोखिममा देखिन्छ जहाँ अधिकांश घरधुरीहरु फुसको छानो भएको र एकै स्थानमा झुरुप्प रहेको र जंगल एबं चरकोशे झाडीले घेरिएको वस्तीहरु रहेको छ जसले आगलागीको बढी जोखिममा रहेको छ ,अब्यवस्थित विद्युतीकरण तथा लापरवाहीका कारण विगत अवधिमा धेरै व्यक्तिहरुको आगलागीकै कारण जन धनको क्षती हुने गरेको छ । पालिकाका सबै वडाहरुमा विद्युत सर्ट भई भौतिक, आर्थीक एबं मानवीय क्षती हुने गरेको छ । सचेतनाको अभाव, लापरवाही र एकै स्थानमा जोडिएर बनेका घरहरु, फुस लगायतका सामाग्रीको प्रयोगबाट बनेका घरहरु, परम्परागत सोच, गुइठाँलाई इन्धनका रुपमा प्रयोग गरिने परम्परा, बाली भित्राइसके पश्चात मलका लागि लगाईने डडेलो र असुरक्षित विद्युत प्रयोजन गर्ने अभ्यासका कारण आगलागी अर्को प्रकोपको रुपमा रहेको छ । साथै सबै वडाहरुमा सर्पदंशको समेत उच्च जोखिम हुनुका साथै विभिन्न घटनाहरु समेत घट्ने गरेको छ । आगलागीको कारण यस अवधिमा १०० घरधुरी नष्ट र २५ पशुचौपायको मृत्यु, ३०० विगाह भन्दा बढीको खाद्यान्नबाली जलेर नष्ट भएको देखिन्छ । सडक सञ्जालको राम्रो पहुँच रहेको यस गाउँपालिकामा सडक दुर्घटना अर्को जोखिमको अवस्था रहेको छ ।  यस समस्याबाट पालिकाका सबै वडाहरु उत्तिकै जोखिम एबं प्रभावित हुने गरेका छन् । त्यसैगरी गाऊँपालिकाकामा स्वास्थ्य सरसफाइको जोखिम प्रमुख प्रकोपको रुपमा रहेको छ । स्वास्थ्य सरसफाइको जोखिम विशेषत झाडापखला, आँखा तथा छालाको संक्रमण, दिर्घरोग, महिला तथा किशोर किशोरी प्रजनन स्वास्थ्य, डेंगु निमोनिया तथा श्वासप्रश्वास समस्या जस्ता समस्याहरु बढी हुने गरेको देखिन्छ । यस अवधिमा उल्लेखित स्वास्थ्य समस्याबाट १००० जना भन्दा बढी प्रभावित भएको देखिन्छ । परिवार नियोजन प्रतिको नकरात्मक सोच, महिनावारी ब्यवस्थापनमा कमजोरी तथा नकरात्मक अवधारणा, प्रजनन् स्वास्थ्य प्रति सचेतनामा अभाव, बाल विवाह तथा सार्वजनिक तथा घरायसी तहमा प्रजनन स्वास्थ्य सेवा पहुँचमा अभावले गर्दा प्रजनन उमेरका महिला तथा किशोरीहरुको स्वास्थ्य समस्या थप समस्याको रुपमा रहेको छ । नियमित सरसफाईको अभाव, शौचालय प्रयोगमा

कमी, अब्यवस्थित ठोस तथा तरल फोहर ब्यवस्थापन संयन्त्र, ढल निकासको समस्या, पानी निकासको समस्याबाट सिर्जत डुवानको समस्या, मौसममा आएको फरकपना, खानपीन ब्यवहारमा आएको परिवर्तन, खुला खाद्य पदार्थको वेचविखन तथा प्रयोग, सचेतनामा आभाव जस्ता कारणले सरसफाई अभाव देखिएको छ भने स्वास्थ्य सेवा पहुँचमा अभाव र परम्परागत सोचका कारणले समुदायहरुमा स्वास्थ्य समस्याको उच्च जोखिममा रहेको पाइन्छ, फलस्वरुप झाडापखाला, डेंगु, आँखा तथा छालाजन्य दिर्गरोग र प्रजनन स्वास्थ्य समस्याहरुको प्रकोप सबै वडाहरुमा रहेको छ ।

वातावरणमा आएको परिवर्तन सँगै बढेको मौषमी शुख्खा खडेरी, तातोहावा, हावाहुरी र शितलहर यस गाउँपालीकाको बढ्दो समयाका रुपमा आएको छ । एकातिर मनसुनको समयमा हुने अतिवृष्टिले अधिकांश क्षेत्र डुवानमा पार्ने गरेको देखिन्छ भने हिउदे वर्षामा आएकोकमी र सिंचाईको उचित प्रवन्ध नहुँदा मौषमी सुख्खाले कृषि उत्पादनमा प्रत्यक्ष असर गरेको छ । त्यस्तै मौसममा आएको फेरबदलका कारण सुख्खा समयमा वृद्धि, शितलहरमा वृद्धि, तातो हावा चल्ने र बालीनाली तथा पशुपंक्षीहरुमा नयाँ रोगहरुको संक्रमण देखिएको छ ।

| समस्या प्रकोप | कारण | कारक तत्व | प्रभाव | जोखिम न्यूनीकरणका लागि पहिचान भएका उपाय |
|---|---|---|---|---|
| भूकम्प | सचेतनाको अभाव, कमजोर संरचना निर्माण, पूराना संरचनाहरु, नीति कार्यान्वयनमा समस्या, क्षमताको अभाव, पूर्वतयारीको कमी अब्यवस्थित शहरीकरण बसाईसराईको चाप | भौगोलिक अवस्थिती भूधरातलको वनोट परम्परागत मान्यता, अवसरको कमी, नीतिगत अस्थिरता (भौतिक, सामाजिक, धारणगत) | घाईते, मृत्यु, भौतिक संरचानाको नष्ट, पशुचौपाया क्षती, प्राकृतिक सम्पदा ध्वस्त, आर्थिक अभाव, खाद्य समस्या, आन्तरिक द्धन्द्ध, महिला हिंसा | सुचना शिक्षा समाग्रीको विकास र वितरण, विद्यालय शिक्षा कक्षा, रेडियो तथा मोवाइल सुचना प्रणालीको विकास, नीति निर्माण, नीति कार्यान्वयन पुर्व तयारी (सिप, साधान र स्रोत) प्राथमिक उपचार, खोज तथा उद्धार तालिम तथा समाग्रीको ब्यवस्थापन, आकासिमक कोष ब्यवस्थापन, भवन आचारसंहिताको पालना, सुरक्षित स्थान पहिचान, प्रवलिकरण तथा भुकम्प प्रतिरोधात्मक नीजि तथा सार्वजनिक संरचनाको निर्माण, सडक विस्तार तथा विकास, कृत्रिम घटना अभ्यास, |
| बाढी \ पहिरो | नदि किनारमा बस्ती, सचेतनाको अभाव, पूर्वसुचनाको कमी, प्राकृतिक स्रोतको दोहन, वन विनास, पानि निकासमा अवरोध, अतिवृष्टी, परम्परागत खेती प्रणाली अव्यवस्थित बसाई सराई, अविरल वर्षा | कमजोर भूबनोट, समथर जमिन, अवसरको कमी, नीतिगत अस्थिरता (भौतिक, सामाजिक, धारणगत) | घाईते, मृत्यु भौतिक, संरचानाको नष्ट पशुचौपाया क्षती प्राकृति सम्पदा, खेतीयोग्य जमिन क्षती, झाडापखला, छालारोग, खाद्य आभाव, कुपोषण, महिला हिंसा | वृक्षारोपण तथा वन फडानी रोक्ने सुचना शिक्षा समाग्रीको विकास र वितरण, विद्यालय शिक्षा कक्षा, रेडियो तथा मोवाइल सुचना प्रणालीको विकास, पूर्व सुचना प्रणालीको विकास, अभिवृद्धि, न्यूनीकरणको उपायको स्थापना, सुरक्षित स्थानको पहिचान गर्ने पुर्व तयारी (सिप, साधान र स्रोत) प्राथमिक उपचार, खोज तथा उद्धार तालिम तथा समाग्रीको ब्यवस्थापन, आकास्मिक कोष ब्यवस्थापन, कृत्रिम घटना अभ्यास, सेवा प्रदायक सम्वन्धि आकास्मिक सम्पर्कको प्रचार प्रसार |
| बालीरोग | सचेतनाको अभाव, अतीबृष्टी, अनावृष्टी, खडेरी, परम्परागत खेती प्रणाली | अवसरको कमी, विषादीको प्रयोग, सिंचाईको कमी, नीतिगत अस्थिरता | खेतीबालीमा रोग लाग्नु, अन्नपातको अभाव, रोग वृद्धि, पशुरोग | बालीरोगबारे सुचना, सञ्चार र शिक्षा सामग्रीको विकास र प्रयोग, सचेतना कक्षा सञ्चालन, अर्गानिक मलको प्रयोगमा जोड । |

| | | | | |
|---|---|---|---|---|
| जंगली जनावरको आंतक | जंगलछेउमा बस्ती एबं खेतीवाली हुनु, जनावरको संख्या बढ्नु, खेतीबाली कम गरिनु | बसाईसराई, बैदेशिक रोजगारी, जन्मदरमा कमी, | घाईते हुने, पशुचौपायको क्षती, रोग लाग्ने, मर्न पनि सक्ने, आर्थिक क्षति | हेरालुको व्यवस्थापन, जंगली क्षेत्रमा तारजालीको व्यवस्थापन, रोजगारीका अवसरमा वृद्धि गर्ने, वैकल्पिक खेती प्रणालीमा जोड दिने । |
| स्वास्थ्य समस्या | सचेतना आभाव, ढल निकासमा समस्या, ठोस तथा तरल फोहोर ब्यवस्थापनमा कमी खुला दिसापिसाव, प्लाष्टिकजन्य पदार्थको प्रयोग, जंग फुडको प्रयोगमा बृद्धि, ढल निकासमा अवरोध, र वातावरण प्रदुषण, स्वास्थ्य सेवा पहुँचमा कमी, सार्वजनिक शौचालयमा कमी तथा ब्यवस्थापन अभाव, विद्यालयमा छात्रछात्राको लागि अलग शौचालयको अभाव, परिवार नियोजनमा गलत अवधारणा, छोरा र छोरीमा असमान ब्यवहार, स्वास्थ्यसम्वन्धि परम्परागत धारणा, | परम्परागत धारणा, नीतिगत अस्थिरता, स्वास्थ्य सेवाबारे जानकारीको अभाव (सामाजिक, धारणगत) | मृत्यु, पारिवारीक तनाव, आर्थिक ब्ययभार, खाद्य आभाव, कुपोषण, बाल तथा मातृ मृत्यु, महिला हिंसा | विभिन्न सरुवा रोगको वारेमा सुचना शिक्षा समाग्रीको विकास र वितरण, विद्यालय शिक्षा कक्षा, रेडियो तथा मोवाइल सुचना प्रणालीको विकास, खानेपानी शुद्धिकरण, पारिवारीक तथा सार्वजनिक शौचालयको व्यवस्था, पुर्व तयारी (दक्ष जनशक्ति, औषधी, प्रजनन स्वास्थ्य सामग्री) ढल निकासको उचित प्रबन्ध, फोहर संकलन तथा ब्यवस्थापनको प्रवन्ध, फोहर संकलन र विसर्जनको स्थानको पहिचान स्थानीय टोल विकास संस्थाको परिचालन र उचित ब्यवस्थापन, सेवा प्रदायक सम्वन्धि आकास्मिक सम्पर्कको प्रचार प्रसार |
| सडक दुर्घटना | सडक सुरक्षा जचेतनामा कमी, सडक मर्मत सम्भारको कमी छाडा पशुचौपाया, बाटो पार गर्ने | भौगोलिक विकटता, साघुँरा तथा कच्ची सडक, नीतिको | घाईते, अपाङ्गता, मृत्यु, पशुचौपाया क्षति, आर्थिक क्षति | सामुदायिक तथा विद्यालय कक्षा, सुचना शिक्षा समाग्रीको विकास र वितरण, रेडियो तथा मोवाइल सुचना प्रणालीको विकास, नीतिगत कार्यान्वयनमा कडाई, सडक स्तरोन्ती तथा नयाँ निर्माण, |

| | | | | |
|---|---|---|---|---|
| | उचित प्रवन्धको कमी, क्षमता भन्दा बढी भार बोक्नु, मादक प्रदार्थ सेवन गरि सवारी चलाउँनु, पुराना सवारी साधान र सवारी परिक्षण विना संचालन गर्र्नु । विद्यालय सडक नजिक तथा सडक पार गरी विद्यालय जानु पर्ने अवस्था, | पालना अभाव, लापरवाही (भौतिक, सामाजिक, धारणागत) | | सडक सुरक्षा संकेतहरुको मर्मत तथा निर्माण र स्थापना, पुर्व तयारी (सिप, साधान र स्रोत) प्राथमिक उपचार, सेवा प्रदायक सम्वन्धि आकास्मिक सम्पर्कको प्रचार प्रसार |
| सुख्खा, खडेरी | वन जंगलको विनास, उचित सिचाई ब्यवस्थापनमा कमी, परम्परागत खेती प्रणाली, बाताबरणमा आएको परिवर्तन, आगलागी, पानीका स्रोतहरु सुक्दै जानु, पानीको सतह घट्दै जानु, प्राकृतिक स्रोतको अनुचित र अत्याधिक प्रयोग | धारणागत, समाजिक र भौतिक | उत्पादनमा कमि खाद्य अभाव खानेपानीको समस्या, झाडापखला, फ्लु, छालारोग, आँखा संक्रमण जस्ता विभिन्न स्वास्थ्य समस्याहरु, | बृक्षारोपण, वन जंगलको संरक्षण अभियान, आवश्यकताको पहिचान अनुसार को सिचाई योजना निर्माण र संचालन, बैकल्पिक खेती प्रणालीको विकास र विस्तार, बेमौसमी खेतीमा प्रोत्साहन, पानीका स्रोतहरुको पहिचान र संरक्षण, |
| आगलागी | सचेतनाको अभाव, आगोजन्य निर्माण सामग्रीको प्रयोग, परम्परावादी बसोबास, सुख्खा मौसम, हुरीवतास, लापरवाही, अव्यवस्थित विद्युतिकरण, केटा केटीको पहुँचमा आगजन्य बस्तु राख्नु, परम्परागत सोच, हेलचक्राई, डढेलो लगाउने चलन | परम्परागत धारणा, कमजोर आय स्रोत, परम्परागत भौतिक संरचना (भौतिक, सामाजिक, धारणागत) | जनधनको क्षति, भौतिक संरचनाको नास, विस्थापित, बसाईसराई र आर्थिक क्षती, खाद्य समस्या, मानिसहरु घाइते अपाङ्ग, तथा मृत्यु हुने । | आगोजन्य बस्तु राख्नमा होसीयारी, विभिन्न तालिम तथा गोष्ठीबाट दक्ष जनशक्ति तथा जनचेतनामा बृद्धि, पुर्व तयारी, पोखरी तथा ट्यांकीको निर्माण, सुरक्षित बसोवासको व्यवस्था, अग्नी रेखाको निर्माण, दमकलको सेवामा वृद्धि, आग नियन्त्रणटोली गठन, दक्षता वृद्धि तथा परिचालन |
| हावाहुरी | वातावरणमा आएको परिवर्तन, आर्थिक कमजोरी, पूर्वतयारीको अभाव | धारणागत सामाजिक र भौतिक | मृत्यु, वालीनाली तथा पशुपक्षीमा प्रभाव, खाद्य अभाव, स्वास्थ्यमा प्रभाव | पूर्वतायरीका उपायहरुको जोहो, मौसमी सुचना प्रणालीको विकास र विस्तार, स्थानीय टोल विकास संस्थाको परिचालनका माध्ययमबाट सचेतना अभियानको संचालन |
| सर्पदंश | घरवरपर सरसफाईको कमी, सजगतामा कमी, उपचार | परम्परागत धारण, कमजोर आर्थिक | घाईते, अपाङ्गता, मृत्य, आर्थिक क्षती, | घरायसी तथा सामुदायिक सरसफाई अभियान, उपचार सेवामा स्तरोन्नती, पानी निकासको ब्यवस्थापन, स्थानीय |

| | | | | |
|---|---|---|---|---|
| | सेवाको पहुँचमा कमी, लापरवाही, ताल तलैया तथा लामो समय पानी जमेर बस्ने स्थानका वरपर वस्ती | अवस्था, हेलचक्राई (धारणागत, सामाजिक) | पारिवारिक तनाव | स्तरमा प्राथमिक उपचारको दक्षजनशक्ति तथा आकश्मिक सामग्रीको ब्यवस्थापन, |
| **चट्याङ** | प्राकृतिक कारण, चट्टयाङ्ग प्रतिरोधी संरचना निर्माण गर्न नसक्नु, घर, बिद्यालय एबं सामुदायिक भवनहरुमा अर्थिङ। नगर्नु, जंगल, रुखहरु घर नजीकै हुनु, बिजुलीको तार, पोल, ट्रान्सर्फमर बस्ती नजीकै हुनु | चेतनाको कमी, सामाग्री एबं आर्थीक अभाव, परम्परागत धारणा, प्राबिधीक ज्ञानमा कमी, भौगोलिक अबस्थीती | जन, धनको क्षती, घाईते हुने, पशु चौपायमा असर, जंगल एबं जंगली जनावरमा असर, आगलागी हुने, बातावरण प्रदुषण हुने, चिन्ता, रोग एबं ऋण लाग्ने | चट्टयाङ्ग प्रतिरोधी संरचना निमार्णका लागी सचेतना बृद्धि गर्ने, हरेक घर एबं सामुदायिक सरोकारका केन्द्रहरुमा अनिवार्य अर्थिङ। गर्ने प्राबधान निर्माण गर्ने, घर नजीकै रहेका बिजुलीका तार र पोलहरु ब्यवस्थापन गर्ने, चट्यांगबाट सुरक्षित रहने बारे सचेतना अभिबृद्धि गर्ने, चट्यांगको समयमा विद्युतिय सामाग्रीहरुको प्रयोग नगर्ने |
| शीतलहर | वातावरणमा आएको परिवर्तन, आर्थिक कमजोरी, पूर्वतयारीको अभाव | धारणागत सामाजिक र भौतिक | मृत्यु, वालीनाली तथा पशुपक्षीमा प्रभाव, खाद्य अभाव, स्वास्थ्यमा प्रभाव | पूर्वतयारीका उपायहरुको जोहो (दाउरा, खाद्य सामाग्री, तातो कपडा) मौसमी सूचना प्रणालीको विकास र विस्तार, स्थानीय टोल विकास संस्थाको परिचालनका माध्ययमबाट सचेतना अभियानको संचालन |

**२.३ सङ्कटासन्नता स्तरीकरणः**

केराबारी गाँउपालिकामा रहेको क्षमताका अभावका कारण विभिन्न वडा, समुदाय तथा बस्तीहरुमा भिन्न-भिन्न प्रकारका संकटासन्नताहरु रहेको पाईन्छ । बहुप्रकोपको सम्मुखता र प्रभावका आधारमा रहेका विभिन्न वडाहरुमा रहेको संकटासन्नताको तत्वलाई विश्लेषण गर्दा भौतिक, सामाजिक र धारणागत संकटासन्नताहरु रहेको पाईन्छ भने प्रकोपगत संकटासन्नता अनुसार जोखिमको अवस्था पनि फरक फरक रहेको छ । अव्यवस्थित शहरीकरण, कमजोर भौतिक संरचनाको निर्माण, भवन निर्माण आचार संहिताको पुर्ण पालना नहुनु, पूर्वतयारीका कार्यहरुमा कमी, सचेतनामा कमी जस्ता कारणले भूकम्पप्रतिको संकटासन्नतामा वृद्धि गराएको छ । यस्तै बसाईसराई, अब्यवस्थित बसोबास, नदि, खोला किनारका र पहाडी भिरालो क्षेत्रमा बस्ती तथा खेतियोग्य जमिन, पानी निकासको अवरोधले सिर्जना गरेको डुवान तथा कटान, बाताबरणमा आएको परिवर्ततनका कारण हुने गरेको अतिवृष्टि, प्राकृतिक साधनको दोहन र जोखीम न्यूनीकरण तथा पूर्वतयारी कार्यहरुको कमी र अब्यवस्थित विकास निर्माणका कार्यका कारण गाँऊपालिकाका प्राय सबै वडाहरु बाढी, कटान तथा डुवानमा संकटासन्न रहेको छ । बाढी तथा डुवानका कारण सबै वडाहरुका बस्ती संकटासन्न रहेका छन् । बाताबरणमा आएको परिवर्तन, खानपानमा आएको परिवर्तन, सचेतनाको अभाव, सेवा पहुँचमा अभाव, शुद्ध खानेपानीमा असमान पहुँच खानेपानी परिक्षण तथा शुद्धीकरण अभ्यासको कमी, विद्युतिय संचारहरुको सहज पहुँच, उचित ढल निकासीको अभाव, प्लाष्टिकजन्य सामाग्रीको बढी प्रयोग, तरल तथा ठोसजन्य फोहर ब्यवस्थापनको कमी, खुला खाद्य सामाग्रीको बेचविखन तथा प्रयोग, धार्मिक मान्यता, सार्वजनिक स्थानहरु बाल, किशोरी, अपाङ्गता तथा महिलामैत्री नहुँनु र उनीहरुको विशिष्टकृत आवश्यकता परिपूर्तीको अभाव जस्ता कारणले स्वास्थ्य समस्याको ९झाडापखला, डेंगु, प्रजनन स्वास्थ्य, आँखा तथा छाला जन्य रोगहरु, प्रजनन स्वास्थ्य समस्या० संकटासन्नता वृद्धि भएको छ । बिरामी अवस्थामा स्वास्थ्य संस्था भएतापनि ठिक हुन्छ भनेर घरमा नै बस्ने, झारफुक तथा धामी झाँक्री विश्वास, ब्यक्तिगत तथा घरायसी सरसफाईमा कमी, अब्यवस्थित पशुपालन, शौचालय प्रयोगमा कमी, छाडा कुकुरको ब्यवस्थापन अभाव, जसको कारण दुर्गन्ध र झिंगा किराहरु फैलने, सरुवा रोग तथा झाडापखाला जस्ता रोगले असर गर्ने, ब्यवस्थित ढल निकासा अभाव जस्ता कारणले स्वास्थ्य तथा सरसफाईमा थप संकटासन्नता बढेको छ जसले गर्दा समुदायहरुको जोखिम बढ्दै गएको पाईन्छ । उमेर अवस्था, सचेतनाको कमी सेवा पहुँचमा वाधाका कारण बालबालिका वृद्धवृद्धा तथा किशोर किशोरीहरु निमोनिया तथा रुघाखोकी, आँखा तथा छालाजन्य समस्या, झाडापखाला, डेंगु र प्रजनन स्वास्थ्य समस्यामा बढी संकटासन्न रहका छन् ।

समुदायमा आगलागी, हावाहुरी र खडेरी जस्ता समस्याले बढि दुःख दिन थालेको पाईन्छ । अचानक ठुलो हावाहुरी चल्नु, घरको छाना बलियो नहुनु, घरको छाना खर, फुसको हुनु जस्ता कारणले गर्दा हावाहुरीको प्रकोपमा वस्तीहरुमा भौतिक संकटासन्नता बढी देखिन्छ । सिंचाई संयन्त्र प्रभावकारी नहुनु, समयमा पानी नपर्नु, सुख्खा मौषमको अवधि बढ्नु जस्ता कारणले खडेरीको संकटासन्नता थपेको छ भने सुख्खा समयले तापक्रम भएको वृद्धिका कारण तातो हावा चल्ने, गर्मी अत्याधिक भई स्वास्थ्यमा समेत प्रतिकुल असर गरेको छ । यस प्रकारको संकटासन्नताको कारण सबै भन्दा बढि जीविकोपार्जनका माध्यमहरु बढी संकटासन्न रहेको पाईन्छ ।

त्यस्तै घरहरु बनाउँदा धेरै मात्रामा जैबिक सामाग्रीहरु जस्तै काठ, खरको प्रयोग भएको, सुख्खा मौषम बढ्ने गरेको, अब्यवस्थित विद्युतीकरण र प्रयोजन, जोडिएर बनाइएका घरहरु, मलका लागि बालीजन्य सामाग्रीहरु खेतबारी मानै डडेलो लगाउने प्रचलन र पूर्वतयारीको कमीका कारण घरायसी आगलागीको संकटासन्नता बढेको पाईन्छ भने आर्थिक कमजोरी, सचेतनाको अभाव, वातावरणमा आएको परिवर्तत, मौसम अनुसारको सुचना सम्प्रेषण नहुनु

**र पूर्वतयारीको कमीले बालबालिका तथा वृद्धवृद्धाहरु शितलहरको बढी संकटासन्न रहेका छन् । जंगल फडानी तथा खाद्य अभावका कारण जंगली जनावर बस्ती तथा शहर तर्फ आउन बालीनालीहरुमा क्षती गर्ने, मानिससँगको बढी सम्र्पक हुँदा घरका खाद्य पदार्थखाईदिने तथा बालबालिका र अन्य ब्यक्ति समेतलाई आक्रमण गर्न सक्ने कारणले वडाहरुको जंगली जनाबरको सकटासन्ना वृद्धि भएको छ । ट्राफिक नियमको पालनामा कमी, अत्याधिक सावरी चाप तथा सडक नजिक विद्यालय र बस्ती, जेब्रा क्रसिङको प्रयोजनमा कमी कारण सडक दुर्घटनाको सकटासन्नतामा वृद्धि भएको देखिन्छ भने ट्राफिक नियमको सचेतना कमी र सडकमा छाडा पशुचौपायको बसोबासले समेत सडक दुर्घटनाको संकटासन्नतामा वृद्धि भएको छ ।**

**स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना तर्जुमा निर्देशिका २०७४ अनुसार मानविय क्षती, प्रभावित परिवार संख्या, घरको क्षती, आर्थिक क्षती, खेतियोग्य भूमि तथा वनक्षेत्रको क्षती, सामाजिक क्षति, विगतमा भएका विपद्का घटनाक्रम, वाली लगाउने वा भित्राउने समयमा आएको परिवर्तन, तापक्रममा आएको परिवर्तन, जोखिमले भविश्यमा पार्नसक्ने असर, संस्थागत क्षमता, जनसंख्याको विश्लेषण, स्थानीय ज्ञान, सिप, क्षमता र प्रविधिलाई सुचक मानी यस गाँऊपालिकाको वडागत संकटासन्नता वर्गिकरण गरिएको छ । यस विश्लेषणको आधारमा केराबारी गाँऊपालिका का सबै वडाहरु बहुप्रकोपगत हिसाबले उच्च संकटासन्न रहेको छ । बिगत २० बर्ष अगाडीको विपद् र त्यसले समुदायमा पारको प्रभावको आधारमा तलको तालीकामा हरेक वार्डको संकटासन्नताको स्तरीकरण गरीएको छ तर यो समयान्तरमा क्षमता र श्रोत,सामना क्षमता, सम्मुखता र प्रभावका आधारमा फरक पर्न सक्छ त्यसैले यो हरेक दुई दुई बर्षमा मुल्यांकन गरी स्तर निर्धारण गरिनुपर्दछ ।**

## वडा तथा बस्तीहरुको संकटासन्नता अवस्था

| वडा नं. | प्रकोप | उच्च संकटासन्न | मध्यम संकटासन्नता | न्यून संकटासन्नता |
|---|---|---|---|---|
| १ | बाढी पहिरो | समला, बुमाल, सेलेङ, फेदी दोभान, सिरुवानी, खोलागाँउ, आठखोला, जिम्बाडाँडा, किकिदुम | | |
| | जंगली जनावरको आतंक | पारीगाँउ, बुमाल, राँगे, सेलेङ, लामाचौरी, डाँडागाँउ | | |
| | आगलागी | पारीगाँउ, बुमाल, डाडागाँउ, समला | जिम्बाडाँडा | |
| | वाली किराको प्रकोप | सेलेङ, लामाचौरी, थमडाँडा, बुमाल, पारीगाँउ, डाँडागाँउ, सेपेनी, समला, जिम्वाडाँडा, किकिदुम | | |
| | सुक्खा खडेरी | सेलेङ, लामाचौरी, थमडाँडा, बुमाल, पारीगाँउ, डाँडागाँउ, सेपेनी, समला, | | |

| वडा नं. | प्रकोप | उच्च संकटासन्न | मध्यम संकटासन्नता | न्यून संकटासन्नता |
|---|---|---|---|---|
| | | जिम्वाडाँडा, किकिदुम | | |
| | तुसारो | सेलेङ, थामडाँडा | | |
| | चट्याङ्ग | सेलेङ, बुमाल, पारीगाँउ, डाँडागाँउ, राँगे | | |
| | सर्पदंश | पारीगाँउ, बुमाल, समला, खोलागाँउ | राँगे,सेलेङ, सेपेनी, जिम्बाडाँडा, किकिदुम | |
| २ | बाढी पहिरो | फाङदुवाको खानी, वतासे, रिठ्ठाबोटे, मलिबासे, पैरेनी, लक्ष्मीपुर सुनारटोल लाटीपैरेनी, सुनारवारी, तिनजुरे सिम्लेनी, गैरीटोल पैरेनी, सितलपाटी, सितेनी पहिरो, पालात, प्रतिभाटोल काशी पैरा | | |
| | चट्याङ | फाङदुवा, चिसापानी टोल, पिङडाँडा, लक्ष्मीटोल, फुलबारी, जेफाले, तिनजुरे | | |
| | आगलागी | फाङदुवा लालीगुराँस, समितेन टोल, प्रतिभा टोल, लक्ष्मीपुर, पुलबारी, तिनजुरे, जेफाले | सबै वडाका जंगल नजिकका बस्तीहरु | |
| | हावाहुरी | | वडाका सबै टोल बस्तीहरु | |
| | असिना | | वडाका सबै टोल बस्तीहरु | |
| क्र. सं. | क्षेत्रगत विषयहरु | ३० वर्ष अगाडिको अवस्था | हाल महसुस गरिएको प्रभाव | कारण | कारक तत्व | सम्भावित समाधानका उपाय |
|---|---|---|---|---|---|---|
| १ | विपद् र विपद्का सवाल | जनसंख्यामा कमी, प्राकृतिक स्रोतको प्रयाप्तता, सामुदायिक संलग्नतामा विभिन्न न्यूनीकरण का कार्यहरु र जनसहभागिता जस्ता कारणले विपदका घटनाहरु कम थिए भने प्रभाव पनि कम रहेको पाइन्छ साथै आजिविका पक्ष समेत राम्रो रहेको | विप्दको संख्या र प्रकार र बारम्बारतामा वृद्धि, प्रभावमा वृद्धि, समुदायको जोखिम थप वृद्धि हुदै छ भने बहुप्रकोपको संकटासन्नतामा समेत वृद्धि भएको छ । | जनचेतनामा कमी, पूर्वतयारी तथा जोखिम न्यूनीकरणका कार्यमा कमी, अब्यवस्थित विकास निमार्ण, परम्परात अभ्यास, अस्थिर सरकार, आर्थिक कमजोरी, सेवा पहँचको अवाभ, नीतिगत कमजोरी, | जनसंख्यामा वृद्धि, प्राकृतिक साधनको दोहन, मौसममा आएको फेरवदल पूर्व तयारीको अभाव, अनुकुलन तथा सचेतनमा कमी | सचेतना अभिवृद्धि, जोखिमको लेखाजोखा, एकिकृत विकास निर्माण, समुदायको क्षमता अभिवृद्धि, समुदाय केन्द्रीत सिप र सामाग्रीको ब्यवस्थापन, जनकेन्द्रीत नीति तथा योजना निर्माण र कार्यान्वयन |

| क्र. सं. | क्षेत्रगत विषयहरु | ३० वर्ष अगाडिको अवस्था | हाल महसुस गरिएको प्रभाव | कारण | कारक तत्व | सम्भावित समाधानका उपाय |
|---|---|---|---|---|---|---|
| | | देखिन्छ । | | | | |
| २ | जीविकोपार्जन तथा खाद्य सुरक्षा (जस्तैः उत्पादन बढ्नु वा घट्नु, कृषि प्रणाली वा प्रक्रियामा आएको फरक, स्थानीय प्रजाति हराउनु वा नयाँ प्रजाति प्रयोगमा आउने) | बालीहरुको उत्पादनशिलता धेरै भएकोले खाद्यान्नमा प्रयाप्तता थियो, प्राङ्गारिक मलको प्रयोग र सिंचाई र मौसमी पानीले उत्पादनमा सहज थियो । | सिंचाईको अभाव<br>मौसमी वर्षमा कमी, खेती लगाउने तथा भित्राउने समयमा ढिलाई तथा फरपना उत्पादनमा कमी | पानी पर्ने मौसममा परिवर्तन, आवश्यकता अनुसार पानी नपर्नु, रासायनिक मलको बढी प्रयोग, माटो को उर्वराशत्ति कमजोर भएको | रसायनिक मल प्रयोग तथा पानि समयमा नपर्नु | सिंचाईको प्रवन्ध, सिप विकासमा जोड, बैकल्पिक खेती प्रणालीको विकास, नयाँ उन्त जातको प्रजातिका विउ, मल, विषादी, कृषि प्राविधिक को सहयोग लिनुपर्ने |
| ३ | मानव स्वास्थ्य, खानेपानी, सरसफाइ तथा महामारी | पहिले झाडा पखाला, दादुरा, कुष्ठ रोग | पानिज्ञ्य रोग हैजा कम हुनु ,छाला को रोग ग्यासटिक, पेटको रोग लाग्नु | बाढीका कारण पानी तथा बातावरण दुसीत हुनु | वडा मा निमार्ण गरीयका नाला हरु समयमा सफा नहुनु, नाला छोपेको न हुनु , समुदायका ब्यत्ति हरु जता ततै पोहर फालनु | वडा स्तरका नाला हरु छोपने , समुदायले जताततै फोहरमैला नफालने पोहरमैला हरु बेबस्थीत ठाउमा फाल्ने तथा सरसफाइमा ध्यान दिनुपर्ने |

| क्र. सं. | क्षेत्रगत विषयहरु | ३० वर्ष अगाडिको अवस्था | हाल महसुस गरिएको प्रभाव | कारण | कारक तत्व | सम्भावित समाधानका उपाय |
|---|---|---|---|---|---|---|
| ४ | वन तथा जैविक विविधता | पुराना परजाति हरु लोप हुदै गइ रहेको छ जस्तै गिध, चिल, बगेडी, सुगाको संख्या ,हिले तथा साना किसिमको माछा, | गिध लोप हुदा मरेको पशुहरु सिनो जतातत्तै फाल्ने भएकोले बातावरण दुषित भएको, बगेडी लोप हुदा बाली नालिमा लागेको किडा फट्याग्राहरु किसानलाइ धेरै दुख दिदा किसानले बाली जोगाउन विषादी प्रयोग गर्दा जमिनमा बसने गगैटो, घोगि, गडयौला, हिले माछा, सर्पहरु नष्ट भइरहेको छ । | अत्याधिक विषाधी प्रयोग,चिसोमा चिसो धेरै हुनु, गर्मी मा गर्मी धेरै हुनु,समयमा पानी नपनु, इत्यादी हुन् | अनावश्यक कल कारखाना चलाइ गर्मी ,धुवा धुलो अत्याधिक मात्रामा उडाउनु जस्तै ईटा कारखाना, अत्याथिक सावरी साधान, प्लाष्टिक जन्य सामाग्रीको प्रयोग, अत्याधिक उर्जाको प्रयोग, जनसंख्यामा वृद्धि, भौतिक संरचानाको अत्याधिक निर्माणका कारण प्राकृतिक साधानको दोहन, ठुलो ठुलो घर निमार्ण हरु | कलकारखानाहरु मानव बस्तीबाट टाढा, बेबस्थीत तरीकाले संचालन गर्ने, निमार्ण कार्य गर्दा निमार्ण सामग्री हर छोपेर ढुवानी गराउने ,छोपेर राखने, खुखरा फर्म हरु ब्यवस्थीत संचालन गर्ने । |
| ५ | जलश्रोत तथा उर्जा | कम गहीराइमा पानी उपलब्धता, शुद्धपानीको प्रयाप्तता, सिंचाई तथा अन्य | पानीको स्रोतहरुमा सुक्दै जानु, खानेपानीको अभाव, सिंचाई अभाव, पानीजन्य रोगहरुमा | खेत बारीमा विभिन्न किसिमको विषादीको प्रयोग, खुला दिशापिशाब तथा फोहरमैला गर्नु, | अनावृष्टी, तापक्रममा वृद्धि, पानीका मूहानहरु सुक्दै जानु, अत्याधिक उर्जाको | ब्यवस्थित खानेपानीको योजना, जल तथा जलाधारको संरक्षण, वृक्षरोपण, |

| क्र. सं. | क्षेत्रगत विषयहरु | ३० वर्ष अगाडिको अवस्था | हाल महसुस गरिएको प्रभाव | कारण | कारक तत्व | सम्भावित समाधानका उपाय |
|---|---|---|---|---|---|---|
| | | प्रयोजनका लागि प्रशस्त पानीको उपलब्धता, | वद्धि, बेमौसमी अतिवृष्टि, अनावृटि, खण्डवृष्टि, | प्लाष्टिकजन्य सामाग्रीको प्रयोग, पानीका मुहानहरु सुक्दै जानु, अब्यवस्थित पानको प्रयोग, वन फडानी, | खपत, सिंचाई सुविधाको अभाव, असन्तुलित विकास निर्माण, वन फडानी | आकासेपानीको प्रयोग, वैकल्पिक खेती प्रणालीको विकास, प्रविधि र प्राविधिक ब्यवस्थापन, भूमिगत पानीको ब्यवस्थापन र पानीको डिस्र्चाज पद्दतीमा जोड । पानी खपत बानीको विकास, पानीजन्य रोगहरु न्यूनीकरण उपायहरुको कार्यान्वयन |

**९. स्थानीय ज्ञान, सीप, क्षमता र प्रविधिको लेखाङ्कनः (सामानाको उपायहरु)**

| क्र. सं. | विपद् प्रकोपको प्रकार | विपद् पहिले गरिएका पूर्वतयारी तथा जोखिम न्यूनीकरणका कार्य | | विपद्को सामनाका लागि विपद्को समय र पछि अपनाइएका विधि | |
|---|---|---|---|---|---|
| | | व्यक्तिगत रूपमा | सामुहिक रूपमा | व्यक्तिगत रूपमा | सामुहिक रूपमा |
| १ | बाढी पहिरो | घरायसी सचेतना घर तथा खेतवारीमा कुलेसो काटेने, भल पानी | स्पर तथा बाँहरुको निर्माण, पानी निकासको प्रवन्ध, | खाना तथा आवासको ब्यवस्था, पानी निकासको प्रवन्ध, सहयोगको याचना | राहत ब्यवस्थापन, बाँध तथा स्परहरुको निर्माण, उद्धार कार्य, |

| क्र. सं. | विपद् प्रकोपको प्रकार | विपद् पहिले गरिएका पूर्वतयारी तथा जोखिम न्यूनीकरणका कार्य | | विपद्को सामनाका लागि विपद्को समय र पछि अपनाइएका विधि | |
|---|---|---|---|---|---|
| | | व्यक्तिगत रूपमा | सामुहिक रूपमा | व्यक्तिगत रूपमा | सामुहिक रूपमा |
| | | तर्काउने | | | प्रभावितहरुलाई सहयोग |
| २ | आगलागी | आगो लागने प्रजलन शिल सामाग्री सलाइ ,इन्धन, बच्चा हरुको पहुचबाट टाढा राखने, | जनचेतना मुलक गतिविधिहरु रेडियो, टिभी बाट प्रसारण, | आगो लागेपछी प्रहरी, विद्युत कायार्लयलाई फोन गरी बोलाउने, समुदायमा खवर गर्ने, प्रजलनशिल सामाग्री, इन्धन, आगोको को पहुचबाट टाढा राख्ने, नजिकमा रहेको पानी को स्रोतबाट आगो निभाउने, बालुवा, धुलो, हरियो झारहरु बाट आगोलाई नियन्त्रण गर्ने, घर भित्र रहेको ब्यक्ती, धनमाल बाहिर निकाल्ने सुरक्षित ठाँउ तथा घाइते भएकोलाइ अस्पतालमा पुऱ्याउने । | जनचेतनामुलक गतिविधिहरु रेडियो, टिभीबाट प्रसारण, स्थानीय सुरक्षाकर्मी, समुदाय मिली आगो निभाउने गरेको । |
| ३ | सर्पदंश | घर आँगन सरसफाई | - संचेतना अभिवृद्धि<br>- सडक नाटक<br>- गित प्रतियोगिता<br>- रेडियो कार्यक्रम | अस्पताल लगि उपचार गराएको | - |
| ४ | हावाहुरी | कमजोर घरका छाना तथा बलेसी हरु बलियो तरकिाले कसिएका | जनचेतनामुलक गतिविधिहरु रेडियो, टिभीबाट प्रसारण, | विपद् परि रहेको बेलामा पशु चौपाया ब्यत्ति हरु सुरक्षित स्थान जानको लागि खवर गर्ने | आवश्यकताको आधारमा राहत वितरण |
| ५ | स्वास्थ्य समस्या | - | जनचेतना मुलक गतिविधिहरु रेडियो, | झारफुक तथा हेल्थपोष्ट लैजाने | - |

| क्र. सं. | विपद् प्रकोपको प्रकार | विपद् पहिले गरिएका पूर्वतयारी तथा जोखिम न्यूनीकरणका कार्य | | विपद्को सामनाका लागि विपद्को समय र पछि अपनाइएका विधि | |
|---|---|---|---|---|---|
| | | **व्यक्तिगत रूपमा** | **सामुहिक रूपमा** | **व्यक्तिगत रूपमा** | **सामुहिक रूपमा** |
| | | | टिभी बाट प्रसारण, | | |
| ६ | शितलहर | न्यानो लुगा लगाउने आगो ताप्ने | जनचेतना मुलक गतिविधिहरु रेडियो, टिभी बाट प्रसारण, | न्यानो लुगा लगाउने, आगो ताप्ने आगो बाल्ने दाउराको ब्यवस्था गर्ने । | – |
| ७ | सडक दुर्घटना | – | जनचेतना मुलक गतिविधिहरु रेडियो, टिभी बाट प्रसारण | सुरक्षाकर्मीलाई सुचना दिने, अस्पताल लैजाने | – |
| ८ | सुक्खा खडेरी | बैकल्पिक सिंचाईको खोजी | सरल थोपा सिंचाई, पानी कम लाग्ने बिरुवा रोपण | – | – |

## खण्ड - ३: दीर्घकालिन सोंच, परिदृश्य, लक्ष्य, नीति तथा रणनीति

### ३.१ दिर्घकालिन सोंच

केराबारी गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा जलवायुजन्य जोखिम ब्यवस्थापनका कार्यलाई संस्थागत गरि विपद् उत्थानशील समुदाय तथा गाउँपालिकाको रुपमा निर्माण गर्ने यसको दिर्घकालिन सोंच हुनेछ । उत्थानशिल गाँऊपालिका निर्माणका लागि सचेतना अभिवृद्धि, पूर्वतयारी र जोखिमहरुको पहिचान तथा प्राथमिकताको आधारमा जोखिम न्यूनीकरणका गतिविधीहरु गाउँपालिकाको वार्षिक विकास योजनामा मूलप्रवाहीकरण गर्दै संचालन गर्ने दिर्घकालीन सोच रहेको छ । यस योजनाले  सिफारिश गरेका गतिविधिहरुलाई अल्पकालिन (तत्कालिन गर्नुपर्ने), मध्यकालिन र दिर्घकालिन योजनामा विभाजन गरी वार्षिक कार्यायोजनाको र्निमाण गरी कार्यान्वयनमा ल्याईने छ ।

### ३.२ परिदृश्य

केराबारी गाउँपालिकाको विपद् जोखिम न्यूनीकरणका तथा जलवायुजन्य जोखिम ब्यवस्थापनका क्रियाकलापहरुमा वडा तथा समुदायको अधिकतम सहभागिता मार्फत हरेक वडा तथा समुदायको विपद् तथा जलवायु उत्थानशील योजना निर्माण गरि कार्यान्वयन गर्ने र विपद्वाट हुने मानविय, सामाजिक, आर्थिक, भौतिक तथा जीविकोपार्जनका श्रोत, साधनहरुमा हुने क्षतिमा कम गर्दै समुदायको उत्थानशीलतालाई सुदृढ गर्नु यस स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजनाको परिदृश्य हुनेछ ।

### ३.३ लक्ष्य

केराबारी गाउँपालिकामा रहेको विपद्को सङ्कटासन्नता, जोखिम र क्षमता विश्लेषण गर्न र सोही बमोजिम विपद् तथा जलवायुजन्य जोखिम व्यवस्थापनका कार्यक्रमहरुलाई प्राथमिकीकरण गर्दै गाउँपालिका तथा समुदायको विकास प्रक्रियामा मुलप्रवाहीकरण गरी विपद् तथा जलवायु उत्थानशील समुदायको निर्माण गर्न योगदान पुऱ्याउनु यस योजनाको मुख्य लक्ष्य रहेको छ ।

### ३.४ उद्देश्य

- स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा गर्न न्यूनतम आधार तथा साझा मापदण्ड निर्धारण गर्नु ।
- स्थानीय तहमा रहेको विपद्को सङ्कटासन्नता, जोखिम र क्षमता विश्लेषण गर्न र सोही बमोजिम विपद् तथा जलवायुजन्य जोखिम व्यवस्थापनका कार्यक्रमहरुलाई प्राथमिकीकरण गर्दै स्थानीय विकास प्रक्रियामा मुलप्रवाहीकरण गरी विपद् तथा जलवायु उत्थानशील गाँऊपालिकाको निर्माणमा योगदान गर्नु ।

- विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी र विपद् प्रतिकार्यमा स्थानीय तथा वाह्य स्रोतको पहिचान तथा परिचालनबाट गाँऊपालिकालाई उत्थानशिन नगरको रुपमा स्थापित गर्नु ।
- स्थानीय तहका नीति तथा विकास कार्यक्रममा सबै क्षेत्र र वर्ग (महिला , बालबालिका, ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरू, दलित, आदिवासी, जनजाति, प्रकोप प्रभावित, जलवायुजन्य प्रभावित वा सङ्कटासन्न समुदाय तथा व्यक्तिहरू, नेपाल सरकारले लक्षित समूह भनी परिभाषित गरेका वर्ग)को समानुपातिक सहभागिता सुनिश्चित गरी विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलनलाई संस्थागत गर्न मार्ग प्रशस्त गर्नु ।

### ३.४ नीति

स्थानीय तहमा रहेका सरकारी, गैह्सरकारी तथा निजी तथा सार्वजनिक निकाय तथा संघसंस्थाहरुसँगको समन्वय तथा सहकार्यमा गाँऊपालिका स्तरमा स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिहरुको गठन गर्ने तथा उक्त समिति मार्फत समितिका सदस्य तथा पदाधिकारी एवं समुदायका ब्यक्तिहरुलाई विपद् तथा जलवायु सम्बन्धिका गतिविधिहरुमा सहभागिता गराई क्षमता विकास गराउने, स्थानीय तथा वाह्य स्रोतको पहिचान तथा परिचालनका माध्यमबाट जोखिम न्यूनीकरण, विपद् पूर्व तयारी र आवश्कता अनुसारको विपद् प्रतिकार्यका कार्यहरु गर्नु गराउनु यस योजनाको मूल नीति हुनेछ ।

### ३.५ रणनीति

यस स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजनालाई कार्यान्वयनका लागि गाउँपालिका स्तरीय विभिन्न कार्यदलहरुको गठन क्षमता विकास, आन्तरिक स्रोतको ब्यवस्थापन, बाह्य सरोकारवाला निकायहरुसँगको समन्वयमा जोड दिइने छ । सामुदायिक सचेतना अभिवृद्धि बढाउदै सामुदायिक सहभागितामा न्यूनीकरणका उपायहरुको कार्यान्वयन गर्ने र सामुदायिक क्षमताको अभिवृद्धि तथा सामग्रीगत ब्यवस्थापन सहितको पूर्वतयारीको माध्यमबाट विपद् प्रतिकार्य गर्ने मूल रणनीति लिइने छ । भारतसँग सिमानामा भएको क्षेत्र र छाडा पशुचौपायहरुको समस्यालाई संङघीय सरकार, प्रदेश सरकारसँगको समन्वयमा जोखिम न्यूनीकरण प्रयास गर्ने रणनीति अंगिकार गरिनेछ । वर्तमान समयमा अनावृष्टिका कारण बढ्दै गएको सुख्खा खडेरीको समस्या समाधानका लागि प्रदेश सरकारको समन्व्यमा कृषि उब्जानीका लागि प्रविधि र प्राविधिकको ब्यवस्थापन तथा भूमिगत तथा गह सिंचाईका लागि समुदायलाई प्रोत्साह गर्ने योजनाको विकास गर्ने रणनीति लिइएको छ । आगलागी समस्या तथा भैपरी आउने भवितब्य घटनाहरुमा तत्काल स्वास्थ्य सुरक्षा तथा जिवन रक्षाका लागि गाउँपालिकामा बारुणयन्त्र र एम्बुलेन्स ब्यवस्थापन गर्ने योजना गरिएको छ । डेंन्गु, झाडापखला, प्रजनन स्वास्थ्य तथा सरसफाई आदी जस्ता समस्याले जोखिममा रहको समुदायहरुमा विभिन्न निकायहरुको सहकार्य तथा समन्वयमा

सचेतनामूलक गतिविधिहरु, आपत्कालिन स्वास्थ्य सामाग्रीहरुको भण्डारण र स्वास्थ्य शिविरहरु संचालन गरिने छ ।

- गाउँपालिकामा रहेका सरोकारवाला निकाय तथा संघ/संस्थाहरुसँगको समन्वय तथा सहकार्यमा स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिहरुको गठन गर्ने, स्थानीय विपद् तथा जलवायू उत्थानशिल योजना निर्माण गर्ने तथा उक्त समिति मार्फत समितिका सदस्य तथा पदाधिकारी एवं समुदायका ब्यक्तिहरुलाई विपद् तथा जलवायु सम्बन्धिका गतिविधिहरुमा सहभागिता गराई क्षमता विकास गराउने ।
- उक्त योजनाको कार्यान्वयनका लागि स्थानीय तहले आफ्नो स्थानीय स्तरमा उपलब्ध साधन, सा्रेत, साँस्कृतिक तथा पर्यावरणीय संरचना अनुकुल विभिन्न रणनीतिहरु अवलम्वन गर्न सक्नेछ ।
- समुदायमा रहेका प्रकोप तथा जोखिमको पहिचान तथा क्षमताको लेखाजोखा, योजना निर्माणका सबै प्रक्रियामा वडा तथा समुदायका अति जोखिममा रहेका समूह तथा वर्गको समानुपातिक सहभागितालाई सुनिश्चित गरि योजनाको कार्यान्वयन गर्ने ।
- स्थानीय विपद् जोखिम लेखाजोखा तथा नक्साङ्कन गर्दा अति जोखिम तथा संवेदनशिल स्थानमा रहेका बस्तीहरुलाई सुरक्षित स्थानमा स्थान्तरणको लागि प्रोत्साहन गर्ने ।
- लोहन्द्र नदी, सिंगिया र जुडी खोलाको बाढी, आगलागी, हावाहुरी बाट हुने मानविय तथा भौतिक क्षतिलाई रोक्नकालागि पुर्वसूचना प्रणालीको स्थापनाका लागि संघ, प्रदेश तथा सबै सरोकारवाला निकायहरुसंग समन्वय तथा सहकार्य गरि पहल गर्ने ।
- वडा तथा समुदायमा आधारित विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरु कार्यान्वयन गर्दा स्थानीय ज्ञान, सीप, श्रोत र साधन अधिकतम् उपयोग गर्ने ।
- स्थानीय तहमा विपद् जोखिम तथा जलवायु अनुकुलनका कार्यक्रमहरुलाई गाउँपालीकाको बार्षिक तथा आवधिक विकासका योजनाहरुमा मूलप्रवाहिकरण गर्दै लैजाने ।

### गाउँपालिकाको जनसंख्या विवरण

| वडा नं. | घरधुरी | जम्मा जनसंख्या | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| १ | 476 | 1021 | 973 | 1994 |
| २ | 562 | 1129 | 1063 | 2192 |
| ३ | 812 | 1743 | 1647 | 3390 |
| ४ | 415 | 844 | 838 | 1682 |
| ५ | 944 | 2053 | 1839 | 3892 |
| ६ | 982 | 2067 | 1924 | 3991 |
| ७ | 1034 | 2202 | 1967 | 4169 |

| वडा नं. | घरधुरी | जम्मा जनसंख्या | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| ८ | 1041 | 2163 | 1925 | 4088 |
| ९ | 1401 | 2988 | 2576 | 5564 |
| १० | 906 | 1879 | 1663 | 3542 |
| जम्मा | 8573 | 16415 | 34504 | 18089 |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

**गाउँपालिकामा भएका अपाङ्गता भएका व्यक्तिहरुको विवरण**

| वडा नं. | अपाङ्गताको प्रकार | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | शारिरिक, दृष्टिविहिन र बौद्धिक | १८ | ३० | ४८ |
| २ | शारिरिक, दृष्टिविहिन र बौद्धिक | १६ | २५ | ४१ |
| ३ | शारिरिक, दृष्टिविहिन र बौद्धिक | २१ | २९ | ५० |
| ४ | शारिरिक, दृष्टिविहिन र बौद्धिक | ५ | १३ | १८ |
| ५ | शारिरिक, दृष्टिविहिन र बौद्धिक | १५ | २२ | ३७ |
| ६ | शारिरिक, दृष्टिविहिन र बौद्धिक | १७ | ३९ | ५६ |
| ७ | शारिरिक, दृष्टिविहिन र बौद्धिक | २३ | ३८ | ६१ |
| ८ | शारिरिक, दृष्टिविहिन र बौद्धिक | १५ | १८ | ३३ |
| ९ | शारिरिक, दृष्टिविहिन र बौद्धिक | ३६ | ३७ | ७३ |
| १० | शारिरिक, दृष्टिविहिन र बौद्धिक | २५ | ३० | ५५ |
| जम्मा | | **१९१** | **२८१** | **४७२** |

***स्रोतः केराबारी गाउँपालिका, सामाजिक बिकास शाखा***

## खण्ड - ४: स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना

**विपद् जोखिम व्यवस्थापनका कार्यक्रमलाई मूलभूत रूपमा मानव संसाधन तथा संस्थागत विकास योजना, भौतिक पूर्वाधार विकास, प्राक्रितिक स्रोत संरक्षण, जीविकोपाजनमा सुधार, नीतिगत क्षेत्रमा गर्नुपर्ने कार्यहरू तथा विकास कार्यमा विपद् जोखिम न्यूनीकरणका विधिको मूलप्रवाहीकरण गर्नेजस्ता प्रमुख क्रियाकलापलाई आधार मानेर स्थानीय समस्या समाधान गर्ने क्रियाकलापलाई निम्नबमोजिको प्राथमिकीकरण गरिएको छ ।**

### ४.१ विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारी, रोकथाम, अल्पीकरण र अनुकूलनका योजनाहरु

**विपद्को सङ्कटासन्नता, क्षमता र जोखिम विश्लेषणबाट प्राप्त परिणाम बमोजिम अत्याधिक जोखिम रहेका समुदाय वा वडामा जोखिम न्यूनीकरणका लागि सञ्चालन गर्नु पर्ने क्रियालापलाई विपद् पहिले गरिने क्रियाकलापको रूपमा प्राथमिकीकरण गरिएको छ । यस चरणमा गर्नुपर्ने**

**कार्यलाई निम्न दुई खण्डमा विभाजन गरी प्राथमिकता निर्धारण गरिएको छ ।**

**४.१.१ नीतिगत व्यवस्था तथा निर्णय:**

**गाउँपालिकाले विपद् जोखिम व्यवस्थापनका कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यकता अनुसार जिम्मेवारी सहित कार्यदलहरू (समन्वय, सञ्चार तथा पूर्वचेतावनी, खोज तथा उद्धार, राहत व्यवस्थापन तथा पुनःस्थापन, क्षति तथा आवश्यकता विश्लेषणजस्ता कार्यदल) गठन गरिएको छ । त्यसैगरी प्रचलित नेपाल कानुन बमोजिम आवश्यकताका आधारमा नीतिगत निर्णय समेत गरी विपद् जोखिम न्यूनीकरण तथा ब्यवस्थापन ऐन, निति, रणनीतिक योजना, प्रतिकार्य योजनामा कार्यहरू निर्धारण गरी उपयुक्त ढाँचामा उल्लेख गरिने छ ।**

### ४.१.२ जनचेतना तथा क्षमता अभिवृद्धिः

विपद् तथा जलवायू जोखिम अनुकुलन ब्यवस्थापनको आधारशिला नै यस प्रतिको समुदायको सजगता र जिम्मेवारीबोध हो । जबसम्म विप्द ब्यवस्थापनमा समुदायको सचेतना अभिवृद्धि हुदैन त्यस क्षेत्रमा जति नै योजनाहरु संचालन गरेता पनि दिगो प्रतिफल प्राप्त गर्न सकिदैन तसर्थ गाउँपालिकाले आफ्नो क्षेत्रमा विपद्प्रति रहेको अज्ञानता हटाएर जोखिम व्यवस्थापनमा समुदायको सचेतना अभिवृद्धि गर्न जनचेतना र क्षमता अभिवृद्धिका निम्न गतिविधिहरु संचालन गर्नेछ ।

| प्राथमिकता क्रम | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | अनुमानित बजेट | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य (सहयोगी) | |
| १ | विपदसम्बन्धी जनचेतना अभाव | १) गाउँपालिका स्तरमा कम्तिमा ५ दिने विपद व्यवस्थापन प्रशिक्षक प्रशिक्षण संचालन गर्ने,<br>२) प्रशिक्षक प्रशिक्षण प्राप्त ब्यक्तिहरुको परिचालनमा गाउँपालिकाका १० वटै वडामा (एक वडाका कम्तिमा १-२ स्थानमा) विपद जोखिम न्यूनीकरण, जलवायू परिवर्तन असर तथा | स्थानीय विपद व्यवस्थापन समिती गाउँ कार्यपालिका | २५०,०००।-<br>१००,०००।-<br>३०,०००।-<br>१००,०००।- | गाउँपालिका रेडक्रस तथा गाउँपालिकाका विषयगत शाखा | विकास साझेदार सरकारी तथा गैह् सरकारी निकायहरु<br>रेडक्रससँग सहयोग<br>जिल्ला रेडक्रससँग को साझेदारी | १ वर्ष भित्र<br>२ वर्षसम्म निरन्तर ।<br>२ वर्ष<br>१ वर्ष<br>१ वर्ष |

| प्राथमिकता क्रम | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | अनुमानित बजेट | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य (सहयोगी) | |
| | | अनुकुलनका उपायहरु सम्बन्धी ज्ञान विद्यालय तथा समुदायलाई अभिमुखिकरण गर्ने । <br> ३) विपद ब्यवस्थापन तथा जलवायू अनुकुलन सम्वन्धि विभिन्न सुचना, शिक्षा तथा संचारका सामाग्रीको विकास तथा वितरण गर्ने । <br> ४) विपद् ब्यवस्थापन सम्वन्धि विद्यालय कक्षा संचालन गर्ने गराउने । <br> ५) विपद ब्यवस्थापन सम्वन्धित राष्ट्रिय तथा अन्तराष्ट्रिय | | २५,०००।- | | | |

| प्राथमिकता क्रम | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | अनुमानित बजेट | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य (सहयोगी) | |
| | | दिन, दिवस सबै क्षेत्रमा मनाउनलाई प्रेरित गर्ने । | | | | | |
| २ | सर्पदंश उपचार केन्द्रको व्यवस्थापन | सर्पदंश उपचार केन्द्र थप व्यवस्थित गरि संचालन गर्ने । | गाउँकार्यपालीका/नेपाली सेना | आवस्यकता अनुसार | गाउँपालीकाबाट आवस्यक जनशक्ति व्यवस्थापन गर्ने | प्रदेश, संघीय सरकार, नेपाली सेना | १ बर्ष भित्रमा |
| ३ | वडा स्तरमा विपद व्यवस्थापन समिति क्षमता तथा योजना नहुनु | १) गाउँपालिकाका सवै वडाहरुमा सामुदायिक विपद् व्यवस्थापन समिति गठन भएतापनि किन केका लागि र कसरी भन्ने जानकारीका लागि क्षमता विकासका तालिम तथा कार्यशाला संचालन गर्ने ।<br>२) वडामा विपद जोखिम व्यवस्थापन योजना निर्माण गराई वडा | वडा कार्यालय | ५००,०००।-<br>आवस्यकता अनुसार | स्था.वि.तथा ज.उ समिती/ गाउँपालिका | विकास साझेदार सरकारी तथा गैह्सरकारी संघसस्था, | १ बर्ष भित्र<br>१ बर्ष |

| प्राथमिकता क्रम | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | अनुमानित बजेट | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य (सहयोगी) | |
| | | सभाबाट अनुमोदन गरी कार्यान्वयनमा ल्याउने ।<br>३) वडाहरुमा प्रकोप, जोखिम तथा संकटासन्नता तथा सुरक्षित स्थानको पहिचान गरी सचेतना अभिवृद्धि गर्ने गराउने । | | | | | |
| ४ | नीति नियमहरुको प्रचार प्रसारमा कमी | १) विपद् पूर्व, विपद्को समय र विपद् पश्चात गर्नुपर्ने र यस क्षेत्रका सरोकारवालाहरु को बारेमा सचेतना अभिवृद्धि गर्ने ।<br>२) भवन निर्माण आचारसंहिता, सडक सजकता जस्ता विषयहरुमा सामुदायिक तथा | स्था.वि.तथा ज.उ समिती/ गाउँपालिका | आवस्यकता अनुसार<br>आवस्यकता अनुसार<br>आवस्यकता अनुसार<br>१००,०००।- | शहरी विकास डिभिजन, जिल्ला ट्राफिक कार्यालय | विकास साझेदार सरकारी तथा गैह्सरकारी संघसस्था | नियमित |

| प्राथमिकता क्रम | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | अनुमानित बजेट | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य (सहयोगी) | |
| | | विद्यालय शिक्षा कक्षाको ब्यवस्था गर्ने ।<br>३) भुकम्पीय सुरक्षाका लागी सचेताना अभियान संचालन गर्ने ।<br>४) संघिय सरकार, प्रदेश सरकार र स्थानीय तहको विपद् ब्यवस्थापन सम्वन्धि रहेका नीति, कानून तथा योजना बारे स्थानीय विपद् ब्यवस्थापन समिति तथा वडा विपद् ब्यवस्थापन समितिलाई जानकारीमूलक गोष्ठी संचालन गर्ने । | | | | | |
| ५ | बस्ती, भौतिक संरचना, स्वास्थ्य संस्था, | १) गाउँपालिका भित्रका सबै वडाहरु बस्तीहरु | वडा स्तरीय विपद व्यवस्थापन समिती तथा गाउँपालिकाको शिक्षा | | स्था.वि.तथा ज.उ समिती \ गाँऊपालिका | विकास साझेदार सरकारी तथा | |

| प्राथमिकता क्रम | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | अनुमानित बजेट | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य (सहयोगी) | |
| | विद्यालयहरु सुरक्षित स्थानमा नहुनु र समुदाय का ब्यक्ति तथा बालवाकिलाहरु विपद्को प्रभावको वारेमा सचेत नहुनु | तथा नीजि तथा सार्वजनिक भौतिक संरचनाहरु र विद्यालयहरुको जोखिम नक्सांकन गर्ने र विद्यालय सुरक्षा योजना निर्माण गर्ने ।<br>२) वडाहरु बस्तीहरु तथा नीजि तथा सार्वजनिक भौतिक संरचनाहरु र विद्यालयहरुको जोखिम पहिचान, सुरक्षित स्थानको पहिचान गर्ने र सोको सचेताना अभिवृद्धि गर्ने<br>३) विपद्को अवस्थामा आवश्यक सुरक्षाका लागी झटपट झोला र कृतिम घटना | शाखा | एकमुष्ट २५०,०००।- | विद्यालय सुरक्षा कार्यक्रम | गैह्सरकारी संघसस्था | २ वर्ष भित्र |

| प्राथमिकता क्रम | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | अनुमानित बजेट | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य (सहयोगी) | |
| | | अभ्यास गराउने ।<br>४) विद्यालय सुरक्षाका लागि प्रत्येक दिन विहानी शत्रको समयमा विपद सम्बन्धीको सन्देश प्रभाव गर्ने ।<br>५) औपचारिक तथा अनौपचारिक स्थानीय समूहहरु तथा विद्यार्थीहरुका माध्यमबाट मौसमी सुचना र अपनाउनु पर्ने सजगताको सुचना सम्प्रेषण गर्ने गराउने । | | | | | |
| ६ | विपद समयमा आपतकालीन ज्ञानको अभाव | गाउँपालिकाका सवै वडामा भुकम्प, बाढी, पहिरो, हावाहुरी, आगलागी, चट्यांग, स्वास्थ्य समस्या, शितलहर | स्था.वि.तथा ज.उ समिती\ गाउँपालिका | १५,०००।- | नेपाल रेडक्रस सोसाइटी र गाउँपालिका | विकास साझेदार सरकारी तथा गैह्सरकारी संघसस्था | प्रत्येक वर्ष |

| प्राथमिकता क्रम | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | अनुमानित बजेट | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य (सहयोगी) | |
| | | लगायतका विपद्को समयमा गर्नेपर्ने आपतकालीन पुर्वतयारीका बारेमा सचेतना अभियान सुरु गर्ने र कम्तीमा नियमित कृतिम घटना अभ्यास गर्ने । | | | | | |
| ७ | समन्वय तथा सहकार्यको अभाव | १) जिल्ला स्तरीय विपद समबन्धी सरोकारवाला निकाय संग प्रभावकारी समन्वय सहकार्यको विकास गर्ने<br>२) विपद् सूचना प्रणाली लाई संस्थागत रुपमा स्थापित गर्ने<br>३) सुरक्षा निकाय संगको समन्वयलाई | स्था.वि.तथा ज.उ समिती\ गाउँपालिका | १५,०००।- | जिल्ला विपद् व्यस्वाथापन समिती | विकास साझेदार सरकारी तथा गैह्सरकारी संघसस्था | **आवश्यकताअनुसार** |

| प्राथमिकता क्रम | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | अनुमानित बजेट | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य (सहयोगी) | |
| | | प्रभावकारी बनाउने । | | | | | |
| ८ | प्रकोपगत सचेतनामा कमी | १) आपतकालिन स्वास्थ्य जस्तै भूकम्प, बाढी, शितलहर, सर्पदंश सडक दुर्घटना, आगलागी, झाडाापखला, डेंगु, प्रजनन स्वास्थ्य, सरुवा रोगका बारेमा गाउँपालिकाका सवै वडामा सचेतीकरण गर्ने ।<br>२) सवै वडा कार्यालय तथा विद्यालयहरुमा आवश्यकताको | स्था.वि.तथा ज.उ समिती\ गाउँपालिका | ५०,०००।-<br>२००,०००।- | जिल्ला विपद् व्यस्थाथापन समिती, नेपाल दुर संञ्चार<br>घरेलु विकास<br>कृषि र पशु विकास<br>शिक्षा शाखा<br>१०,००००।- | विकास साझेदार सरकारी तथा गैह्सरकारी संघसस्था<br>**बाह्य सहयोग** | **२ वर्ष मौसम अनुसार नियमीत**<br>**२ वर्ष** |

| प्राथमिकता क्रम | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | अनुमानित बजेट | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य (सहयोगी) | |
| | | आधारमा २ थान स्टेचर र २ प्राथमिक उपचार तालिम र किटको ब्यवस्था गर्ने । | | २५,०००।- | | | |
| | | ३) जेव्राक्रसको व्यवस्था, विपद् जन्य सुचनाहरुको होडिङ्ग बोर्ड र सडक सुरक्षा सचेतना अभियान गर्ने । | | **आवश्यकताअनुसार** | | | |
| | | ४) मदिरा तथा लागू पदार्थ नियन्त्रणका लागी अभियन संचालन गर्ने । | | **आवश्यकताअनुसार** | | | |
| | | ५) विपदको समयमा महिला तथा बालवालिकाहरुलाई र अपाङ्गको संरक्षणलाई प्रथामिकता गर्ने । | | **आवश्यकताअनुसार** | | | |

| प्राथमिकता क्रम | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | अनुमानित बजेट | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य (सहयोगी) | |
| | | ६) विपद व्यवस्थापनमा सामाजिक समावेशीका आधारमा सबैको अर्थपुणर् सहभागिता सुनिश्चित गर्ने ।<br>७) मौसममा हुन सक्ने परिवर्तन तथा हुन सक्ने विपद्का घटनाहरुका बारेमा अग्रीम जानकारी मार्फत सुरक्षा उपायहरुको अवलम्वनका लागि विद्युतिय सञ्चारको विकास र विस्तार गर्ने ।<br>८) घरबाट निस्कने तरल तथा ठोस फोहर ब्यवस्थापनका | | ६००,०००।- | | | |

| प्राथमिकता क्रम | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | अनुमानित बजेट | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य (सहयोगी) | |
| | | बारेमा सैद्धान्तिक तथा ब्यवहारीक ज्ञानको अभिवृद्धि गर्ने ।<br>९) कृषि वाली तथा रोगकिरा नियन्त्रण तथा व्यवस्थापनका लागि आवस्यक व्यवस्थापन कार्यका लागि ।<br>१०) विद्यालय, सार्वजनिक स्थल, पैनी सुरक्षाका लागि सुरक्षीत पर्खाल (ताल तथा पोखरी) | | | | | |
| ९ | प्रतिकार्यका लागी कार्यदलहरुको गठन नहुनु | गाउँपालिका भित्र विपद प्रतिकार्यका लागी माथी उल्लेखित रणनिती अनुरुपा निम्नानुसार कार्यदल गठन गर्ने:<br>समन्वय तथा सूचना | स्था.वि.तथा ज.उ समिती\ गाउँपालिका | १० हजार | जिल्ला विपद व्यवस्थापन समति तथा नेपाल रेडक्रस सोसाइटी र अन्य सरोकारवाला निकाय | विकास साझेदार सरकारी तथा गैह्सरकारी संघसस्था, | १ वर्ष भित्र |

| प्राथमिकता क्रम | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | अनुमानित बजेट | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य (सहयोगी) | |
| | | कार्यदल,<br>खोज तथा उद्धार कार्यदल,<br>लेखाजोखा कार्यदल<br>प्राथामिक उपचार कार्यदल,<br>क्षति विश्लेषण कार्यदल,<br>राहत वितरण तथा व्यवस्थापन कार्यदल,<br>कृषि तथा खाद्य सुरक्षा कार्यदल,<br>संरक्षण कार्यदल (महिला बालवालिका तथा अपाङ्गता भएका व्यक्तिहरु) | | | | | |
| १० | सुरक्षित स्थानको वारेमा जानकारी नहुनु | गाउँपालिकाका सवै वडामा विद्को समयमा | वडा स्तरीय विपद् व्यवस्थापन समिती | ४०,०००।- | स्था.वि.तथा ज.उ समिती\ गाउँपालिका | विकास साझेदार सरकारी तथा | १ वर्ष भित्र |

| प्राथमिकता क्रम | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | अनुमानित बजेट | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य (सहयोगी) | |
| | नियमित प्रतिवर्ष | आवश्यक पर्ने आपत्कालिन ब्यवस्थापनका लागि सुरक्षित स्थानको पहिचान गर्ने, सुरक्षित स्थान प्रयोग सम्बन्धी योजना बनाउन | | | तथा रेडक्रस जिल्ला विपद् ब्यवस्थान समिति जिल्ला स्थित सुरक्षा निकाय | गैह्सरकारी संघसस्था, | |
| ११ | मापदण्ड विपरीत भवन निर्माण तथा भवन निर्माण आचार संहिता पालना नहुनु । | १) भवन निर्माण गर्दा मापदण्ड पुराउन लगाउने ।<br>२) भवन निर्माण आचार सहिँता कडा रुपमा पालना गराउन लगाउने र तालिमको व्यवस्था गर्ने ।<br>३) सडक मापदण्ड र प्राकृतिक स्रोतको मापदण्ड अनुसार संरचना बने नबनेकोनियमित | स्था.वि.तथा ज.उ समिती\ गाउँपालिका | ५०,००० | शहरी विकास तथा भवन डिभिजन कार्यलय | विकास साझेदार सरकारी तथा गैह्सरकारी संघसस्था, | नियमित प्रतिवर्ष |

| प्राथमिकता क्रम | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | अनुमानित बजेट | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य (सहयोगी) | |
| | | अनुगमन गर्ने गराउने । | | | | | |
| १२ | बालीरोग, किरा बारे चेतना, नियन्त्रण ज्ञान सीपमा कमी | १) बालीरोग एबं खेतीपातीमा लाग्ने रोगहरुबारे कृषकहरुलाई २ दिने तालिम<br>२) माटो एबं बालीरोग बारे सचेतना अभियान सञ्चालन (सबै वडा एबं वस्तीहरुमा) | गाउँपालिका, कृषि बिकास शाखा | ३,००,००० | पालिकाको कृषि शाखा, कृषि प्राबिधीक | विकास साझेदार सरकारी तथा गैह्सरकारी संघसस्था, | नियमित प्रतिवर्ष |
| १३ | आपतकालीन अवस्थाका आधारभूत आवश्यकता बारेमा सचेतना कमी | (१) विपद्‌का समयमा अति आवश्यक तथा आधारभूत आवश्यकता परिपूर्तिका लागि चाहिने सामाग्री खरिद तथा भण्डार गर्ने गराउने ।<br>(२) आवास, स्वच्छता तथा | स्था.वि.तथा ज.उ समिती, गाउँपालिका को सामाजिक सेवा, महिला तथा बालबालिका, स्वास्थ्य शाखा | १००,०००।- | वडा स्तरीय विपद व्यवस्थापन समिती रेडक्रस, सुरक्षा निकाय, जिल्ला विपद् ब्यवस्थापन समिति, अन्य सरोकारवालाहरु | विकास साझेदार सरकारी तथा गैह्सरकारी निकायहरु | २ वर्ष भित्र |

| प्राथमिकता क्रम | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | अनुमानित बजेट | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य (सहयोगी) | |
| | | सरफाई, खानेपानी, स्वास्थ्य र संरक्षण) बारेमा सम्भावित प्रतिकार्यमा संलग्न हुने जनशक्तिलाई अभिमुखिकरण गर्ने । | | | | | |

### ४.१.३ जोखिम न्यूनीकरणः

केराबारी गाउँपालिका भित्र रहेका विपद्जन्य सङ्कटासन्नता तथा जोखिम कम गर्न वडा तथा समुदायहरुको क्षमता अभिवृद्धि गर्नुपर्ने अवस्था रहेको छ । विशेषत गाँऊपालिकामा भूकम्प, बाढी पहिरो, आगलागी, स्वास्थ्य समस्या (झाडापखला, डेंगु, प्रजनन स्वास्थ्य समस्या, आँखा तथा छालाजन्य संक्रमण) शितलहर, सडक दुर्घटना, खडेरी, विद्युत करेन्ट, जंगली जनावरको समस्याको उच्च जोखिम रहेको छ भने हावाहुरी, सर्पदंश, छाडा पशुचौपाया चट्याङ र कुकुर टोकाईको जोखिम मध्यम रहेको छ तसर्थ जोखिमताको आधारमा न्यूनीकरणका उपायहरुलाई गाँऊपालिकाको विकास योजनासँग एकिकृत गरि संचालन गर्नुपर्ने देखिन्छ । जोखिम न्यूनीकरणका लागि गाँऊपालिकाको स्थानीय स्रोत तथा बाह्य निकायहरुसँगको समन्वय तथा आर्थिक सहकार्यमा जोड दिनुपर्ने देखिन्छ । जोखिम न्यूनीकरणका लागि निम्न गतिविधिहरुलाई प्राथमिकताको आधारमा संचालन गर्दै अगाडी बढ्नुपर्ने आवश्यकता रहेको छ ।

| प्राथमिकता क्रम | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | जम्मा बजेट | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य (सहयोगी) | |
| १ | भूकम्प | १) कम्तिमा ५० परिवारलाई व्यवस्थापन गर्न सक्ने २ वटा भुकम्प प्रतिरोधात्मक सुरक्षित | स्थानीय विपद | २००,००,००।- | उद्योग बाणीज्य संघ | प्रदेश सरकार, दातृनिकायहरु, | २ वर्ष |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | आवास केन्द्रको निर्माण प्रराम्भ गर्ने । <br> २) हरेक भौतिक पूर्वाधार निर्माण गर्दा भुकम्पीय दृष्टिकोणबाट सुरक्षित गर्ने । <br> ३) भूकम्प प्रतिरोधी निर्माणका लागि दक्ष जनशक्ति उत्पादन गर्ने (डकर्मी तथा सिकर्मी तालिम २ वटा) <br> ४) सार्वजनिक भौतिक संरचनाहरुको भूकम्प प्रतिरोधी क्षमताको लेखाजोखा तथा विश्लेषण गरी, आवश्यकता अनुसार सवलीकरण गर्ने (कुनै २ वटा भवन नमुनाको रुपमा) । | व्यवस्थापन समिती, गाउँपालिका | २,५०,०००।- <br> आवस्यकता अनुसार । | र अन्य पेशागत संघ संगठनहरु <br> २,५०,०००।- | विकासका साझेदार निकायहरु तथा गैह् सरकारी संस्थाहरु | |
| २ | बाढी\डुवान/पहिरो | १) मुगु खोला, हर्दिया, फाकफोक, गगुने, खार, मंसिरे, हुरहुरे खोला, बुढी खोला, खदम खोला, हचुवा खोला, भलुवा खोला, सेरा खोला, हाँडी खोला, तुर्के खोला, ताक्चुवा, खुम्ला, भालुखोप, सतिसाले, दारे खोल्सी, सुपारे खोल्सी, भडारे खोल्सी, डाले खोला, भ्यु खोल्सी, चम्पाखोली खोल्सी, हिमदले खोल्सी, फेदी खोल्सा, गुहेंली खोल्सा, चिसाङ खोलाको कटान तथा पहिरोबाट हुने क्षति न्युनीकरणका लागि <br> २) पूरानो बाँधहरुको क्षमता विश्लेषण <br> ३) नयाँ बाँध र स्परहरुको निर्माण <br> ४) वृक्षारोपण <br> ५) बाढी पूर्वचेतावनी प्रणालीको स्थापना <br> ६) डुवान क्षेत्रमा पानी निकासका लागि नहर तथा कूलोको निर्माण <br> ७) सुरक्षित स्थानको पहिचान र ब्यवस्थापन | स्थानीय विपद व्यवस्थापन / गाउँपालिका | अनुमानित ५ करोड <br> ३०,००,०००।- | गाउँपालिका ५० लाख वडा समेत | प्रदेश सरकार, <br> दातृनिकायहरु, विकासका साझेदार निकायहरु तथा गैह् सरकारी संस्थाहरु | २ वर्ष <br> १ वर्ष <br> २ वर्ष <br> १ वर्ष <br> १ वर्ष <br> २ वर्ष <br> २ वर्ष |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ८) बिहिबारे, फाइबा, चिसापानी र लक्ष्मीपुर | | | | | |
| ३ | बालीरोग | १) माटो एबं बाली परिक्षण शिबिर सञ्चालन<br>२) अगार्नीक मलखाद निर्माण सहयोग कार्यक्रम<br>३) रोग किरा न्यूनीकरणका लागि स्प्रे पम्प एबं विषादीको व्यवस्था | | ५,००,०००।- | गाउँपालिका ३ लाख | प्रदेश सरकार, दातृ निकायहरु, विकासका साझेदार निकायहरु तथा गैह् सरकारी संस्थाहरु | २ वर्ष |
| ४ | आगलागी | १) मौसमी सूचना सम्प्रेषण,<br>२) पूर्वतयारीका लागि सिप तथा सामाग्रीको ब्यवस्था,<br>३) पानी संकलन ट्याङ्की निर्माण,<br>४) दमकलको सेवाको ब्यवस्था,<br>५) आगो नियन्त्रण टोली गठन, दक्षता वृद्धि तथा परिचालन | स्थानीय वडा विपद् ब्यवस्थापन समिति | एकमुष्ट २००,०००।- | गाउँपालिका ५० हजार | प्रदेश सरकार, दातृनिकायहरु, विकासका साझेदार निकायहरु तथा गैह् सरकारी संस्थाहरु | २ वर्ष |
| ५ | सर्पदंश | १) घरायसी तथा सामुदायिक सरसफाई अभियान,<br>२) सर्पदंश उपचार केन्द्र सथापना गरी संचालन<br>३) पानी निकासको ब्यवस्थापन,<br>४) स्थानीय स्तरमा प्राथमिक उपचारको दक्षजनशक्ति तथा आकश्मिक सामाग्रीको ब्यवस्थापन, | स्थानीय वडा विपद् ब्यवस्थापन समिति | ३ जना जनशक्ति व्यवस्थापन | गाउँपालिका | प्रदेश सरकार, दातृनिकायहरु, विकासका साझेदार निकायहरु तथा गैह् सरकारी संस्थाहरु<br>नेपाली सेना | १ वर्ष |
| ६ | हावाहुरी | १) हावाहुरी प्रतिरोधि संरचना निर्माण सिप विकास,<br>२) बैकल्पिक बालीको विकास, | स्थानीय वडा विपद् ब्यवस्थापन | एकमुष्ट ५००,०००।- | गाउँपालिका, कृषि विकास शाखा | प्रदेश सरकार, दातृनिकायहरु, विकासका | २ वर्ष |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ३) मौसमी सुचना प्रणालीको विकास, सुरक्षित उपायहरुको प्रचार प्रसार,<br>४) सुचना शिक्षा, संचार सामाग्रीको विकास र विस्तार,<br>५) प्राथमिक उपचार सिप र सामग्रीको ब्यवस्था,<br>६) बृक्षरोपण | समिति | | ५०,०००।- | साझेदार निकायहरु तथा गैह् सरकारी संस्थाहरु | |
| ७ | स्वास्थ्य समस्या | **<u>झाडापखाला जन्य रोगहरु</u>**<br>१) सार्वजनिक शौचालय निर्माणमा सहयोग<br>२)आवश्यकता अनुसार सार्वजनिक शौचालयको निर्माण र प्रयोग ब्यवस्थापन<br>३) खानेपानी परिक्षण तथा शुद्धिकरण<br>४)खुला सडक खाद्य निर्माण तथा विक्री र प्रयोजनमा प्रतिवन्ध,<br>५)खाद्य पदार्थ गुणस्तरको आवश्यकता अनुसार अनुगमन,<br>६)ब्यक्तिगत, वाताबरणीय तथा घरायसी सरसफाई अभियान | स्था.वि.व्य. समिती\ गाउँपालिका स्वास्थ्य शाखा, वडा विपद् ब्यवस्थापन समिति | डिजाइन अनुसार | गाउँपालिका | प्रदेश सरकार, दातृनिकायहरु, विकासका साझेदार निकायहरु तथा गैह् सरकारी संस्थाहरु | २ वर्ष |
| | | **<u>डेंगु</u>**<br>१) सरसफाई अभियान<br>२) डेंगुको उच्च जोखिम रहेका क्षेत्रहरुमा प्रतिरोधि औषधी छर्ने<br>३) झुल वितरण<br>४) स्वास्थ्य शिविर तथा सक्रमण रोकथाम अभियान | स्था.वि.व्य. समिती\ गाउँपालिका स्वास्थ्य शाखा, वडा विपद् ब्यवस्थापन समिति | **१०,००,०००।-** | गाउँपालिका | प्रदेश सरकार, दातृनिकायहरु, विकासका साझेदार निकायहरु तथा गैह् सरकारी संस्थाहरुु | १ वर्ष |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | **आँखा तथा छाला संक्रमण**<br>१) ब्यक्तिगत, वातवरणीय तथा घरायसी सरसफाई अभियान<br>२) स्वास्थ्य शिविर संचालन<br>३) किराजन्य, पानी जन्य रोगको कमिको लागि कार्य स्था.वि.व्य. समिती÷ गाउँपालिका स्वास्थ्य शाखा, वडा विपद् ब्यवस्थापन समिति | स्था.वि.व्य. समिती\ गाउँपालिका स्वास्थ्य शाखा, वडा विपद् ब्यवस्थापन समिति | ५०,०००।– | गाउँपालिका | प्रदेश सरकार, दातृनिकायहरु, विकासका साझेदार निकायहरु तथा गैह् सरकारी संस्थाहरु | १ वर्ष |
| | | **प्रजनन स्वास्थ्य समस्या**<br>**१) मातृशिशु स्वास्थ्य र रोगको रोकथामका उपाय र उत्प्रेरणा**<br>**२) यौन रोग र स्वासप्रश्वास सम्बन्धि रोगको रोकथाम र उपचारको लागि सचेतना**<br>**३) गर्भवती, सुत्केरी र सुत्केरी पछिको अवस्थाको बारेमा सचेतनामुलक कार्य**<br>**४) स्वास्थ्य सम्बन्धि गतिविधि कार्यान्वयनको लागि बिभिन्न समुदायमा आधारित समुहहरुको परिचालन**<br>**५) प्रजनन स्वास्थ्य सम्वन्धि विद्यालय तथा सामुदायिक सचेतना कक्षा संचालन,**<br>**६) सार्वजनिक स्थल, कार्यालय तथा विद्यालयहरुमा बाल, किशोरी, महिला र अपाङ्ग मैत्री संरचना निर्माण**<br>**७) निशुल्क प्रजनन स्वास्थ्य तथा अन्य स्वास्थ्य शिविरहरुको संचालन** | **स्थानीय\ वडा विपद् ब्यवस्थापन समिति** | **८० लाख** | गाउँपालिका<br>**६०००००।-**<br><br>**२०००००।-** | प्रदेश सरकार, दातृनिकायहरु, विकासका साझेदार निकायहरु तथा गैह् सरकारी संस्थाहरु | २ वर्ष |
| ८ | शितलहर तथा चिसो | १) मौसमी सुचना प्रणालीको विकास र विस्तार,<br>२) स्थानीय टोल विकास संस्थाको परिचालनका माध्ययमबाट सचेतना अभियानको संचालन | **स्थानीय\ वडा विपद्** | **२ लाख बराबरको** | **गाउँपालिका स्वास्थ्य र** | **विपद् ब्यवस्थापन** | **बार्षिक रुपमा** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ३) सामुहिक आगो ताप्ने तथा न्यानो कपडाहरु लगायतका सामाग्रीको वितरण<br>४) आर्थिक कमजोर भएका बस्ती तथा टोलहरुमा तातो खानेकुराहरु वितरण | **ब्यवस्थापन समिति** | **सामग्री वितरण** | **सामाजिक विकास शाखा** | **समिति**, **दातृनिकायहरु**, **विकासका साझेदार निकायहरु तथा गैह् सरकारी संस्थाहरु** | |
| **९** | सडक दुर्घटना | १) सामुदायिक तथा विद्यालय कक्षा, २) सुचना शिक्षा समाग्रीको विकास र वितरण, रेडियो तथा मोवाइल सुचना प्रणालीको विकास,<br>३) नीतिगत कार्यान्वयनमा कडाई, ४) सडक स्तरोन्ती तथा नयाँ निर्माण,<br>५) सडक सुरक्षा संकेतहरुको मर्मत तथा निर्माण र स्थापना,<br>६) पुर्व तयारी (सिप, साधान र स्रोत) प्राथमिक उपचार,<br>७) सेवा प्रदायक सम्वन्धि आकास्मिक सम्पर्कको प्रचार प्रसार | **स्थानीय\ वडा विपद् ब्यवस्थापन समिति**<br>शहरी विकास डिभिजन | **सडक लाइट**, **जेब्रा क्रसिङको लागि आवस्यकता अनुसार बजेट व्यवस्थापन ।** | **गाउँपालिका र जिल्ला ट्राफिक कार्यालय** | **प्रदेश सरकार**, **दातृनिकायहरु**, **विकासका साझेदार निकायहरु तथा गैह् सरकारी संस्थाहरु** | २ वर्ष |
| **१०** | सुक्खा खडेरी | १) बृक्षारोपण, वन जंगलको संरक्षण अभियान,<br>२) आवश्यकताको पहिचान अनुसारको सिँचाई योजना निर्माण र संचालन,<br>३) बैकल्पिक खेती प्रणालीको विकास र विस्तार,<br>४) प्रविधि र प्राविधिकसहितको बेमौसमी खेतीमा प्रोत्साहन,<br>५) पानीका स्रोतहरुको पहिचान र संरक्षण,<br>६) कृषकहरुका लागि सहुलियतमा भूमिगत | स्थानीय्वडा विपद् ब्यवस्थापन समिति | आवस्यकता अनुसार । | गाउँपालिका कृषि शाखा | प्रदेश सरकार, दातृनिकायहरु, विकासका साझेदार निकायहरु तथा गैह् सरकारी संस्थाहरु | नियमित |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | सिचाई योजना वितरण | | | | | |
| **११** | खानेपानी | १) नयाँ खानेपानीका योजनाहरु संचालनमा ल्याईने<br><br>२) खानेपानीको श्रोतहरुको संरक्षण र वितरण प्रणालीमा सुधार ल्याउने<br><br>३) खानेपानीको परिक्षण गर्ने | गाउँपालीका, खापाउस | २ करोड | गाउँपालीका योजना शाखा पानी परीक्षण १००,०००।- | खापाउस, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | **२ बर्ष भित्र** |

## ४.१.४ आपत्कालीन पूर्वतयारी:

केराबारी गाउँपालिकाभित्र कुनै पनि विपद्को घटना भएमा त्यसको सामना गर्नका लागि विपद् हुनु भन्दा अगावै ब्यवस्थापन गरिएको सीप, स्रोत, सामाग्री, र दक्ष जनशक्तिको उचित ब्यवस्थापन नै पूर्व तयारी अन्तर्गत पर्दछ । विपदका घटनाहरुको प्रकार अनुसार नै विपद प्रतिकार्य क्षमता फरक फरक हुने भएकोले विपद् पूर्व तयारी पनि सोही बमोजिम गनुपर्ने हुन्छ । जति सवल पूर्वतयारीका कार्यहरु हुन्छ विपद्को प्रभाव त्यही अनुसार कम गर्न सकिन्छ भने प्रभावितको आधारभूत आवश्यकताको पनि सहि समय, गुणस्तर र परिमाणमा परिपूर्ति हुन्छ । यही यर्थाथलाई मध्यनजर गरी गाँऊपालिकाको बहुप्रकोप जोखिमका आधारमा गर्नुपर्ने विपद् पूर्वतयारीका गतिविधिहरुलाई प्राथमिकताको आधारमा तल उल्लेख गरिएको अनुसार संचालन गरिनेछ ।

| **प्राथमिकता क्रम** | **प्रमुख समस्या तथा जोखिम** | **व्यवस्थापनका क्रियाकलाप** | **अनुमानित बजेट** | **मुख्य जिम्मेवारी** | **स्रोतको व्यवस्था** | | **समय अवधि** |
|---|---|---|---|---|---|---|---|
| | | | | | **आन्तरिक** | **बाह्य (सहयोगी)** | |
| १ | प्रभावितहरुका लागि तत्कालीन आधारभूत आवश्यकता परिपूर्तिको समस्या | गाँउपालिका र वडा स्तरमा आपत्कालिन कोषको स्थापना, परिचालन नीतिको तर्जुमा र आवश्यकता अनुसार कोषको परिचालन तथा ब्यवस्थापन | १ करोड । | स्थानीय/वडा विपद् ब्यवस्थापन समिति | गाँउपालिका जिल्ला विपद् व्यवस्थापन स समिति | मानविय सहयोग क्षेत्रमा कार्यरत निकायहरु | १ वर्ष (बार्षिक नियमीत) |

| प्राथमिकता क्रम | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | अनुमानित बजेट | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य (सहयोगी) | |
| | | | | | | | |
| २ | विपद प्रतिकार्यका लागी दक्ष जनशक्तिको अभाव | सुरक्षा निकायका प्रतिकार्य कर्ता बाहेक समुदाय स्तरमा पनि निम्नानुसार संख्यामा दक्ष जनशक्ति तयार गर्ने:<br>१) गाँउपालिका सवै वडाको प्रतिनिधित्व (प्रति वडा ६ जना) हुने गरी मा कम्तीमा ६० जना सामुदायीक खोज तथा उद्धार कर्ता, ६० जना प्रथामिक उपचारक र अन्य आपत्कालीन सरसफाई तथा स्वच्छता, खानेपानी ब्यवस्थापन, स्वास्थ्य र संरक्षण सम्वन्धि स्वंयम सेवक समूह तयार गर्ने । | ५ लाख | स्था.वि.व्य. समिती\ गाउँपालिका | जिल्ला विपद् व्यवस्थापन समति तथा नेपाल रेडक्रस सोसाइटी, अन्य सरोकारवाला निकाय र गाँउपालिकाको सामाजिक विकास र स्वास्थ्य शाखा | मानविय सहयोग क्षेत्रमा कार्यरत निकायहरु | २ वर्ष भित्र |
| ३ | विपद् प्रतिकार्य सामाग्री व्यस्थापन तथा राहत भण्डारण नुहुन | गाँउपालिका तह र सवै वडामा विपद् प्रतिकार्य सामाग्री राख्ने र राहत व्यवस्थापनका लागी गाँउपालिकाको उपयुक्त स्थान पहिचान गरी सामाग्री सहित गोदाम घरको व्यस्थापन गर्ने । | आवस्यकता अनुसार । | स्था.वि.व्य. समिती\ गाउँपालिका | सुरक्षा निकाय\ नेपाल रेडक्रस सोसाइटी र गाँउपालिका | मानविय सहयोग क्षेत्रमा कार्यरत निकायहरु | १ वर्ष भित्र |
| ४ | राहतको आवश्यकता | १) राहत व्यवस्थापनलाई प्रवाभकारी बनाउने ।<br>२) कम्तीमा १०० परिवारका लागी आवश्यक | आवस्यकता अनुसार । | स्था.वि.व्य. समिती\ गाउँपालिका | जिल्ला विपद् ब्यवस्थापन समिति तथा | मानविय सहयोग क्षेत्रमा | १ वर्ष भित्र |

| प्राथमिकता क्रम | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | अनुमानित बजेट | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य (सहयोगी) | |
| | | खाद्य तथा गैर खाद्य सामाग्री, अस्स्थायी आवास सामाग्री, स्वच्छता तथा सरसफाई सामाग्री, खानेपानी ब्यवस्थापन सामाग्री, स्वास्थ्य र संरक्षणका सामाग्रीहरुको भण्डारण | | | नेपाल रेडक्रस सोसाइटी | कार्यरत निकायहरु | |
| ५ | आवासमा क्षेती | आपतकालिन आवस सामाग्रीको व्यवस्था गर्ने | ५ लाख । | स्था.वि.व्य. समिती\ गाउँपालिका | जिल्ला विपद् ब्यवस्थापन समिति तथा नेपाल रेडक्रस सोसाइटी | मानविय सहयोग क्षेत्रमा कार्यरत निकायहरु | २ वर्ष |
| ६ | समन्वयमा समस्या | जिल्ला विपद् ब्यवस्थापन समिति तथा अन्य सरोकारवाला निकायसंग समन्वयका संयन्त्र निर्माण गर्ने | २५ हजार । | स्था.वि.व्य. समिती\ गाउँपालिका | जिल्ला विपद् ब्यवस्थापन समिति | मानविय सहयोग क्षेत्रमा कार्यरत निकायहरु | नियमित |
| ७ | क्षमता विश्लेषण समस्या | गाउँपालिकामा क्षेत्र भित्र कार्यरत निजी क्षेत्र, उद्योग वाणिज्य संघ, उद्योगी व्यापारीको लागत संकलन गर्ने र उनीहरुलाई संहयोगका लागी अपिल गर्ने | आवस्यकता अनुसार । | स्था.वि.व्य. समिती | जिल्ला विपद् ब्यवस्थापन समिति | मानविय सहयोग क्षेत्रमा कार्यरत निकायहरु | १ वर्ष भित्र |
| ८. | आपत्कालीन | गाँउपालिकामा भएको सामुदायिक भवन, | आवस्यकता | स्थानीय, वडा | जिल्ला विपद् | मानविय | १ वर्ष |

| प्राथमिकता क्रम | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | अनुमानित बजेट | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य (सहयोगी) | |
| | आश्रयस्थलको समस्या | खुल्ला चौर, अग्लो स्थान, धर्मशाला, मठमन्दिरहरुको क्षमता विश्लेषण गरी आपत्कालिन आश्रयस्थलको रुपमा विकास प्रचार प्रसार र ब्यवस्थापन गर्ने | अनुसार । | विपद् ब्यवस्थापन समिति | ब्यवस्थापन समिति, सुरक्षा निकायहरु, सामाजिक अगुवहरु | सहयोग क्षेत्रमा कार्यरत निकायहरु | भित्र |

## ४.२ विपद्को समयका प्रतिकार्यका क्रियाकलापहरू (घटना घटेको दिन देखि ३ महिनासम्म)

केराबारी गाउँपालिकाभित्र कुनै पनि समयमा विपद् परेमा प्रभावित खोज, उद्धार, स्वास्थ्य सुरक्षा, जीवन रक्षा र सम्पत्ति संरक्षणका लागि आपत्कालीन समयमा घाइते तथा विरामीहरुको उद्धार तथा प्राथमिक उपचार र आवश्यकता अनुसारको विशिष्ट उपचार, मृतकहरुको उचित दाह संस्कार, हराएकाहरुको खोजि कार्य तथा पारिवारीक सम्र्पक, तत्कालिन गैह् खाद्य सामाग्रीहरुको ब्यवस्था र अस्थायी आवास, खाद्य ब्यवस्थापन, स्वास्थ्य सेवा, खानेपानी, सरसफाई र स्वच्छताको प्रवन्ध, संरक्षण जस्ता आधारभूत आवश्यकताहरुको परिपूर्ति गर्नुपर्ने हुन्छ जसलाई प्रतिकार्य भनिन्छ । यसै अवस्थाको आंकलन गरी गाँऊपालिकाको बहुप्रकोपको अवस्था विश्लेषण्को आधारमा निम्नानुसारको प्रतिकार्य योजनाको निर्माण गरिएको छ ।

| प्राथमिकता क्रम | विपद्को सम्भावित अवस्था | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य (सहयोगी) | |
